# उत्थानशील स्थानीय समुदायका लागि ................ को रणनीति, २०७५ (नमूना)

# (Model Strategy for Resilient Local Communities, 2018)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौँ
२०७५

उत्थानशील  स्थानीय समुदायका लागि रणनीति, २०७५ (नमूना)

# Model Strategy for Resilient Local Communities, 2018

प्राविधिक सहयोगः सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था-नेपाल (आइसेट-नेपाल), जेनेसिस कन्सल्टेन्सी प्रा. लि. र प्राक्टिकल एक्सन कन्सल्टिङ प्रा. लि.

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
वातावरण तथा विपद् व्यवस्थापन शाखा
सिंहदरवार, काठमाडौं
२०७५

# प्राक्कथन

उत्थानशील स्थानीय समुदायका लागि नमुना रणनीति, २०७५ (Model Strategy for Resilient Local Communities, 2018) ले उत्थानशील स्थानीय समुदाय विकासका लागि मार्गदर्शन प्रदान गर्नेछ । उत्थानशील स्थानीय समुदाय निर्माण र विकासका लागि नेपाल सरकारले गर्ने लगानी तथा विकासका कार्यक्रमहरू राष्ट्रिय शहरी विकास रणनीति, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, विपद जोखिम व्यवस्थापन सम्बन्धि राष्ट्रिय रणनीति, स्थानीय सरकार संचालन ऐन, नमुना कानून तथा यस रणनीतिबाट निर्देशित हुनेछन् । यो स्थानीय तहमा प्रेषित गरिनेछ । स्थानीय तहले स्थानीय समुदायको क्षमता विकास गर्दै विपद व्यवस्थापन र जलवायु अनुकुलनमा जनसहभागिता बढाउन यसलाई पारित गरि लागु गर्ने अपेक्षा गरिएको छ । रणनीति तयार गर्ने क्रममा प्राविधिक सहयोग प्रदान गर्ने र प्रतिवेदन तयारीका क्रममा विभिन्न किसिमबाट सहभागीता जनाई अमूल्य सुझाव प्रदान गर्नुहुने सरोकारवाला मन्त्रालय/निकाय, संघ संस्थाका प्रतिनिधिहरु सबैलाई धन्यवाद प्रदान गर्दछौं ।

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# खण्ड १
# परिचय

## १.१ पृष्ठभूमि

विभिन्न अध्ययनहरूले नेपाललाई निरन्तर विपद् प्रभावित मुलुकका रूपमा परिभाषित गरेका छन् । भौगर्भिक, भौगोलिक, जलवायुजन्य प्रक्रिया, कमजोर आर्थिक तथा सामाजिक अवस्था र फितलो संस्थागत क्षमताका कारण विपद्को निरन्तरता मुलुकको वास्तविकता बनेको छ । बहुप्रकोप जोखिमयुक्त भएको र विश्वको अल्पविकसित मुलुकमा पर्ने नेपाल सन् २०१६ को विश्व मानव विकास सूचकांकमा १४४ औँ स्थानमा रहेको छ । भारतीय प्लेट र युरेसियन प्लेटको टक्करबाट सिर्जना भएको हिमालय पहाडी शृङ्खला, उपत्यका र मैदानी क्षेत्र भएको नेपाली भूभागमा भूकम्पको जोखिम उच्च रहन्छ । २०७२ वैशाख १२ को गोरखा भूकम्पबाट भएको जनधनको क्षतिले यो वास्तविकता स्पष्ट पारेको छ । असारदेखि असोज महिनासम्म नेपाल मनसुनी वायुको प्रभावमा रहन्छ । मनसुन यस क्षेत्रको जनजीविकाको प्रमुख आधार हो भने बाढी र पहिरोजस्ता जलजन्य प्रकोपको कारण पनि हो । मनसुन शुरु भएपछि मूलुकका विभिन्न भूभागमा बाढी र पहिरोले विनाश गर्दछ । खडेरी, शीतलहर र लु का कारण जनजीवन कष्टकर बन्दछ । विगत केही वर्षयता विश्व जलवायु परिवर्तनका कारण जलवायुजन्य प्रकोपको तीव्रता र आवृत्ति बढेका कारण प्रतिकूल मौसम र जलजन्य विपद्बाट जनधनको क्षति बढ्दो क्रममा छ ।

अव्यवस्थित शहरीकरणका कारण वायु र जलप्रदूषण बढ्दो छ । आगलागी, सडक तथा औद्योगिक दुर्घटना एवं महामारी थप नयाँ जोखिमका रूपमा देखिँदैछन् । प्राकृतिक र मानवजन्य प्रकोपबाट उत्पन्न विपद्ले विकासका उपलब्धीलाई प्रभावित गरेकै कारण स्थानीय समुदायको जनजीवन झन् कष्टप्रद बन्दैछ । गोरखा भूकम्प र त्यसपछिका पुर्स्थापना र पुनर्निर्माणका चुनौतीहरुले विगतका विकास र निर्माणका विधि र प्रक्रियाहरुमा परिवर्तन ल्याउनुपर्ने खाँचो स्पष्ट भएको छ । विकास र निर्माणका प्रत्येक चरणमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र तत्सम्बन्धी व्यवस्थापनको समायोजनबाट उत्थानशील विकासको आवश्यकता स्थापित भएको छ । समग्र विकासमा उत्थानशीलताको संयोजनाका लागि नयाँ सोच र तदनुरुप नयाँ विधि र प्रक्रियाको आवश्यकता महशुस भएको छ ।

नेपालको संविधान र सङ्घीय संरचनाको मर्म र भावना अनुरूप नेपाल सरकारले मुलुकभर ७ सय ५३ स्थानीय तह रहने गरी जम्मा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिकाको व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि स्थानीय तहलाई जिम्मेवार बनाएको छ साथै अनुसूची ९ ले विपदको अवस्था हेरी विपद व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको सामुहिक दायित्वको रुपमा पनि परिभाषित गरेको छ । यस अर्थमा स्थानीय तहलाई सक्षम बनाउदै स्थानीय विकासलाई उत्थानशील बनाउनु आजको आवश्यकता बनेको छ । यसै आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले **"उत्थानशील स्थानीय समुदायका लागि .................गाउँपालिका/नगरपालिकाको रणनीति २०७५ (नमूना)"** तयार गरेको हो । यस प्रस्तावित रणनीतिको मूल उद्देश्य उत्थानशीलतालाई स्थानीय विकासको योजना, विधि र प्रक्रियामा समावेश गर्दै स्थानीय समुदाय र तहको विपद् सामना गर्ने क्षमता, क्रमिक र निरन्तर रूपमा बढाउँदै लैजानु हो । स्थानीय तहले यस नमूना रणनीतिलाई आवश्यकता अनुसार परिमार्जन गरि लागु गर्नेछन् ।

## १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :–

(१) 'उत्थानशीलता' भन्नाले प्राकृतिक तथा मानव सिर्जित प्रकोपको धक्का वा आघात पश्चात तत्काल उठ्न सक्ने वा पूर्वावस्था वा त्यो भन्दा राम्रो अवस्थामा फर्किन व्यक्ति, परिवार, वर्ग, समुदाय, क्षेत्र वा समग्र राष्ट्रको आन्तरिक क्षमता सम्झनु पर्दछ ।

(२) 'प्रकोप' भन्नाले क्षेत्र विशेषको भौगर्भिक, भौगोलिक, जलवायुजन्य अवस्था एवं मानवजन्य क्रियाकलापले पुऱ्याउने वा पुऱ्याउन सक्ने घटना वा क्षति सम्झनु पर्दछ ।

(३) 'सङ्कटासन्नता' भन्नाले व्यक्ति, परिवार, वर्ग, समुदाय, स्थान, क्षेत्र वा समग्र राष्ट्रको भौगोलिक, भौतिक, आर्थिक, सामाजिक र वातावरणीय कारणले प्रकोप जोखिम बेहोर्नुपर्ने अवस्था र तीबाट उत्पन्न असरलाई बुझाउँछ ।

(४) 'प्रकोप जोखिम सामीप्यता' भन्नाले, व्यक्ति, परिवार, वर्ग, समुदाय, स्थानीय तह, क्षेत्र वा समग्र राष्ट्रको प्राकृतिक, जलवायुजन्य, प्राविधिक अथवा मानवजन्य क्रियाकलापबाट उत्पन्न हुने प्रकोपका घटना र तीबाट हुने वा हुनसक्ने क्षतिको सम्भावना र निरन्तरतालाई जनाउँछ ।

(५) 'उत्थानशील स्थानीय समुदाय' भन्नाले विपद्को कठिन परिस्थितिमा पनि सामाजिक परिचालन र सहकार्यमा निरन्तरता तथा निरन्तर जोखिम न्यूनीकरण र  अनुकूलनका माध्यमबाट विपद्को सामना गर्ने आन्तरिक क्षमता, आत्मनिर्भरता र स्वशासन क्षमता भएको समुदाय बुझाउँछ ।

(६) 'सरोकारवाला' भन्नाले संघ, प्रदेश र स्थानीय तह तथा ती मातहतका विभाग तथा कार्यालयहरु, स्थानीय समुदाय, विकास साझेदारहरू, गैरसरकारी संस्था तथा परोपकारी सङ्गठनहरू, स्थानीय र सामाजिक सङ्घ-संस्थाहरू, निजी क्षेत्र, विश्वविद्यालय र अनुसन्धान एवं विपद् व्यवस्थापनमा संलग्न संस्थाहरूमा संलग्न व्यक्तिहरु सम्झनुपर्दछ ।

(७) 'सामुदायिक संस्था' भन्नाले विपद् एवं प्रकोप सम्बन्धी तालिम, अभिमुखिकरण, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भई सूचीकृत भएका संस्थाहरु सम्झनु पर्दछ ।

(८) 'स्थानीय तह' भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

(९) 'नगरपालिका' भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरू सम्झनु पर्छ ।

(१०) 'विकास साझेदार' भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृनिकायहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, रेडक्रस अभियानका अंग, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सम्झनु पर्दछ ।

(११) 'अवशिष्ट उत्थानशीलता' भन्नाले यस रणनीति कार्यान्वयनको प्रारम्भिक चरणमा स्थानीय तहको उत्थानशीलताको अवस्थालाई बुझाउँछ ।

(१२) 'सङ्ग्रहित उत्थानशीलता' भन्नाले यस रणनीति अन्तर्गत बन्ने कार्यनीति र कार्ययोजना कार्यान्वयनको विभिन्न चरणमा स्थानीयतह र समुदायमा क्रमिक रुपले संयोजन हुँदै जाने उत्थानशीलताको क्षमता सम्झनुपर्छ ।

(१३) 'क्रमिक उत्थानशीलता' भन्नाले चरणबद्ध रुपमा स्थानीय तह, व्यक्ति, परिवार, समुदाय र क्षेत्रमा सङ्ग्रहित आन्तरिक क्षमता विकासको क्रमलाई बुझ्नुपर्दछ ।

(१४) 'लक्षित समुह' भन्नाले आर्थिक रुपले पछाडि परेका विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका सबै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित, आदिवासी, जनजाति,

अपांगता भएका व्यक्तिहरु, एकल महिला, विपद प्रभावित वा संकटासन्न समुदाय वा व्यक्तिहरु, मधेसी, मुस्लिम लगाएत नेपाल सरकारले लक्षित समुह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनु पर्दछ ।

## १.३ उद्देश्य

यस रणनीतिको मूल उद्देश्य स्थानीय तहको विकासको योजना, विधि र प्रक्रियामा उत्थानशीलतालाई समावेश गर्दै स्थानीय प्रणाली र समुदायको विपद् सामना गर्ने क्षमता अभिवृद्धि गर्नु हो । रणनीतिका निर्दिष्ट उद्देश्यहरु निम्नानुसार छन्–

(क) स्थानीय स्तरमा प्रकोप र सङ्कटासन्नताको पहिचान, विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी लगायत विपद् व्यवस्थापनमा स्थानीय तह र समुदायको स्पष्ट भूमिका र कार्य क्षेत्रसहितको जिम्मेवारी तोक्ने ।

(ख) स्थानीय तहको समग्र विकासको योजना तर्जुमा र कार्यान्वयनमा उत्थानशीलताको अवधारणा समाहित गर्ने ।

(ग) उत्थानशीलताका लागि स्थानीय तह र समुदायको क्षमता विकास गर्ने ।

(घ) विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी, निजी क्षेत्र र विकास साझेदारबीच समन्वय, सहयोग र सहकार्यको वातावरण सिर्जना गर्ने ।

(ङ) उत्थानशील स्थानीय समुदायको प्रवर्द्धनका लागि राष्ट्रिय तथा स्थानीय नीति र कार्यक्रमहरु बीच सामञ्जस्य स्थापित गर्ने ।

## १.४अपेक्षित उपलब्धी

क) स्थानीय तह र समुदायमा सम्भावित बहुप्रकोप जोखिमबारे पर्याप्त ज्ञानको अभिवृद्धि हुनेछ ।

ख) सङ्कटासन्न क्षेत्र, परिवार, समुदाय र वर्गबारे स्थानीय तहमा स्वीकृत तथ्याङ्क उपलब्ध भई स्थानीय तह प्रकोप र जोखिम सामीप्यताबारे सुसूचित हुनेछन् ।

ग) स्थानीय तहमा विपद्को पूर्वानुमान गर्ने क्षमता विकास भई त्यसको प्रयोगबाट भौतिक, आर्थिक, सामाजिक क्षति न्यूनीकरण अभ्यास सुनिश्चित हुनेछ ।

घ) स्थानीय तह, प्रदेश र संघीय सरकार, नागरिक समाज, गैरसरकारी संस्था र विकास साझेदारहरुबीच विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहकार्य विस्तार हुनेछ ।

ङ) विपद् प्रतिकार्यका लागि स्थानीय आपतकालीन व्यवस्थापन कार्ययोजना तयार हुनेछ ।

च) आपतकालीन अवस्थामा स्थानीय स्तरमा स्वयंसेवकहरूको परिचालन र व्यवस्थापन प्रभावकारी हुनेछ ।

छ) स्थानीय तहमा निजी क्षेत्र, आपूर्तिकर्ता र सेवाप्रदायक संस्थाहरूबाट विपद्का बेला निरन्तर सेवा सञ्चालनको सुनिश्चितता हुनेछ ।

ज) पूर्वाधार निर्माणमा जोखिम संवेदनशील भू-उपयोग योजनाका माध्यमबाट प्रकोप र जोखिम सामीप्यता न्यूनीकरण अभ्यासको अवलम्बन भएको हुनेछ ।

झ) नयाँ पूर्वाधार निर्माणका साथै विपद् पछिको पुनर्निर्माणमा पहिलेभन्दा सबल निर्माणको अवधारणाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

ञ) लक्षित समुदायलाई प्राथमिकतामा राखी सेवा-सुविधामा पहुँचको सुनिश्चितता हुनेछ ।

ट) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका साथै स्थानीय तहमा उत्थानशीलताको अवधारण मुलप्रवाहीकरण भै समग्र आर्थिक, सामाजिक र वातावरणीय विकासमा मद्दत पुर्‍याएको हुनेछ ।

ठ) स्थानीय समुदायको आय आर्जन र व्यावसायिक क्षमताको अभिवृद्धिका माध्यमबाट विपदको सामना गर्ने क्षमता अभिवृद्धि भएको हुनेछ ।

# खण्ड २
# विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था, संस्थागत प्रयास, अवधारणा र सूचक

## २.१ विपद् व्यवस्थापन सम्बन्धी नीतिगत् तथा संस्थागत प्रयास

नेपालको संविधानमा  विपद व्यवस्थापनलाई साझा अधिकारको रुपमा उल्लेख गरिनुका साथै अनुसुची ८ मा स्थानीय तहको एकल अधिकारमा सुचीकृत गरि स्थानीय तहलाई जिम्मेवार बनाउन खोजिएको छ ।

### २.१.१ नीतिगत् व्यवस्था

नेपालमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ र चौधौं योजना (२०७३-२०७६) ले सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट नेपाललाई विपद् उत्थानशील मुलुकमा रुपान्तरित गर्नका लागि स्थानीय समुदाय र स्थानीय तहका साथै प्रादेशिक र संघीय निकायहरूलाई सक्षम बनाउनुपर्ने आवश्यकता औंल्याएको छ । विपद् जोखिम् न्यूनिकरण राष्टिय नीति, २०७५ र विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ को प्रावधानले पनि यस विषयलाई मार्ग प्रशस्त गरेको छ । यसका अतिरिक्त विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका क्षेत्रमा निम्नलिखित नीति, कार्यविधि तथा निर्देशिकाहरु जारी भई कार्यान्वयनमा रहेका छन्–

- विपद् पूर्वतयारी र प्रतिकार्य योजना निर्देशिका, २०६८
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८
- जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९
- जिल्ला विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०६९
- राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७०
- खोज र उद्धार कार्यका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१
- भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७३
- अन्तराष्ट्रिय प्रतिवद्धताहरु

### २.१.२ संस्थागत व्यवस्था

प्रचलित विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समेतको समग्र चक्रलाई प्राथमिकताका साथ संचालन र व्यवस्थापन गर्न गृह मन्त्रालयको समन्वयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को स्थापना गर्ने व्यवस्था गरेको छ । स्थानीय

सरकार संचालन ऐन, २०७४ को प्रावधानले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई सवल बनाउन भुमिका निर्धारण गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले केन्द्र स्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद जोखिम व्यवस्थापन परिषद, गृह मन्त्रीको अध्यक्षतामा कार्यकारी समिति, गृह मन्त्रालयको मातहतमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) तथा प्रदेश स्तरमा मूख्य मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरिय विपद जोखिम व्यवस्थापन समिति, जिल्ला स्तरमा प्रमूख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय स्तरमा नगर तथा गाउँपालिका प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । विपद् व्यवस्थापन सम्बन्धमा क्षेत्रगत् निकायहरुसंगको समन्वय र सहकार्यमा कार्य गरिने विषय पनि उल्लेख गरिएको छ ।

## २.२ उत्थानशीलताको अवधारणा

सामान्य हिसाबले चलिरहेको सामाजिक र आर्थिक प्रणालीलाई प्रकोपका घटनाले अबरुद्ध पारेर मृत्यू, चोटपटक लगायत भौतिक पूर्वाधार र सेवा संरचनामा क्षति र वातावरणीय दुष्प्रभाव भएपछि विपद् आईलाग्छ । प्रकोप हुँदैमा विपद् आउँदैन । कतिपय क्षेत्रमा प्रकोपका घटना भएपनि क्षति भने हुँदैन । समाजलाई प्रभाव परेपछि मात्रै प्रकोप विपद् बन्छ । नेपालमा प्रकोप र तिनले प्रभाव पार्ने सम्भावित क्षेत्रहरू अनुसूची १ मा देखाईएका छन् । समाजमा विद्यमान सामाजिक र आर्थिक भिन्नता, विभेद र प्रतिनिधित्व जस्तो चरित्रले प्रकोपको असर निर्धारण गर्छ । विगतका विश्लेषणहरुमा विपद्लाई प्राकृतिक घटनाको परिणति मान्दै विपद्सँग सम्बन्धित सामाजिक पाटोको बेवास्ता गरिन्थ्यो । प्रकोपको सम्भावना आँकलन गर्दै विपद्बाट हुने क्षतिको मूल्याङ्कन र राहत प्रदान गरेपछि विपद् व्यवस्थापनको उद्देश्य हासिल भएको मानिन्थ्यो । हिजोआज प्रकोप र सङ्कटको स्थितिको समिश्रणले विपद् ल्याउँछ भन्ने सिद्धान्त सर्वस्वीकार्य भएको छ । यस सिद्धान्तले विपद् प्राकृतिक घटनाको परिणती मात्र नभै मानवजन्य क्रियाकलापको परिणतिका भएको मान्यता स्थापित गरेको छ । कम सङ्कटासन्न समुदायमा घटेका प्रकोपका घटना ठूलो विपद्मा रुपान्तरित हुँदैनन् तर सङ्कटासन्नता बढी भएको समुदायमा कम तीव्रताका प्रकोपले पनि ठूलै विपद् ल्याउन सक्छन् । विभिन्न मुलुकहरूमा गरिएका अनुसन्धानबाट साना तथा मझौला स्तरका विपदका घटनाहरूको निरन्तरताका कारण हुने क्षति ठूलो विपद्को घटनाले गरेको कुल क्षतिभन्दा बढी हुन सक्ने तथ्य प्रमाणित भएको छ । यस्ता प्रकोपका घटना र तीबाट हुने क्षति विकसित भन्दा अल्पविकसित र विकासोन्मुख मुलुक र तीमा पनि कम विकशित क्षेत्र र विपन्न समुदायमा बढी हुने गर्दछ । तर स्थानीय र राष्ट्रिय सरकार एवं संघ-संस्थाहरूको ध्यान धेरैजसो विपद्मा पर्नेको सङ्कटासन्नता कम गर्नेभन्दा पनि विपदपछिको राहत, उद्धार पुनर्स्थापना र पुननिर्माणमा केन्द्रित हुने गरेको छ । योजनाबद्ध विकास, चुस्त प्रशासकीय तथा नियमन व्यवस्थाका माध्यमले भौतिक संरचना तथा सेवा-सुविधाको विकास र निर्माणसँगै प्रकोपका घटनाले ल्याउने विपद् र तिनको न्यूनिकरणको समायोजन गर्न सकिन्छ । त्यसैले स्थानीय विकासको प्रत्येक आयाममा विपद् न्यूनीकरण र व्यवस्थापनको विधि र प्रक्रिया संयोजन हुनु जरुरी हुन्छ ।


गरिब र विपन्न समुदायको सेवा-सुविधामा पहुँच न्यून हुन्छ र यस्ता वर्ग साना तथा मझौलालगायत समयान्तरालमा आइपर्ने बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, औद्योगिक दुर्घटनाजस्ता ठूलो प्रकोपबाट निरन्तर प्रभावित हुने गर्दछन् । जीविकोपार्जन र सेवा-सुविधामा पहुँच कम भएको यस्ता समुदायहरूको सङ्कटासन्नता बढ्दो छ। समुदायमा उत्थानशीलता विकासगर्ने मार्ग प्रकोप र तिनको जोखिमको पहिचान गर्दै समुदायबाट जोखिम घटाउने उपायको अबलम्बन, पूर्वतयारी र प्रतिकार्यको माध्यमबाट समुदायमा जोखिम बेहोर्ने

आन्तरिक क्षमताको विकास गर्नु हो । विपद् व्यवस्थापन र जलवायु अनुकूलनका प्रयासमा उत्थानशीलता स्वीकार्य सिद्धान्त हो ।

यस रणनीतिले प्रणाली, संलग्न पात्र (सरोकारवाला) हरुको क्षमता, विधि र नीतिको संयोजित प्रतिफलले उत्थानशीलता बढाउँछ भन्ने व्यवहारिक व्याख्या समेटेको छ । अवधारणाको विकासमा स्थानीय समुदायको सहभागितामा प्राकृतिक स्रोतको व्यवस्थापनको सिद्धान्त र जनजीविका अवधारणालगायतका सिद्धान्त प्रयोग भएका छन् । दक्षिण एसिया र दक्षिण पूर्व एसियाका शहरहरूमा जलवायु परिवर्तन अनुकूलन सम्वर्द्धन गर्ने प्रयास र तीनको सिकाइ अवधारणाको विकासमा समावेश गरिएका छन् । यस अवधारणाले उत्थानशीलतालाई प्रकोप सामीप्यता, प्रणालीगत क्षमता, समुदाय र सरोकारवालाको क्षमता र संस्थागत संरचना तथा नियमन क्षमता गरी चारवटा आयामको प्रतिफलको रूपमा परिभाषित गरेको छ। यसलाई रणनीतिको चारवटा अवयवकारुपमा समावेश गरिएको छ । उत्थानशीलताको अवधारणा र अवयवहरूको ब्याख्या तल उल्लेखित चित्रको माध्यमले देखाइएको छ ।

**उत्थानशीलताको अवधारणा र**

**अवयवहरु**



प्रकोप थेग्ने सक्षम प्रणाली, सक्षम समुदाय, संस्थागत व्यवस्था र नियमनले उत्थानशीलता बढाउन सहयोग गर्दछन् भने प्रकोप सामीप्यताले उत्थानशीलतामा ह्रास ल्याउँछ । मानवनिर्मित पूर्वाधार र पारिस्थितिकीय प्रणालीले समुदायलाई विभिन्न उत्पादन र सेवा उपलब्ध गराउँदछन् । बासिन्दाहरूले पाउने सेवाको स्तर भिन्नभिन्न हुन्छ । साधारणतया को कहाँ बसोबास गर्छ भन्ने प्रश्न र उसको सामाजिक हैसियतले पनि सेवाको पहुँचको स्तर निर्धारण गर्छ । सुकुम्बासी, गरिब, सीमान्तकृतवर्ग बसोबास गर्ने क्षेत्रमा भौतिक पूर्वाधार र सेवा-सुविधा आर्थिकरूपले सम्पन्न वर्गको बसोबास हुने क्षेत्रको भन्दा न्यून हुन्छ । त्यसैले महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी र बालबालिका बढी जोखिममा हुन्छन् ।

## २.३ उत्थानशील स्थानीय समुदायका सूचकहरू

स्थानीय समुदायको जोखिम सामीप्यता, प्रणालीगत क्षमता, समुदाय र सरोकारवालाहरूको क्षमता र संस्थागत र नियमन क्षमता पहिचानका वृहत्त सूचकहरू अनुसूची-२ मा दिइएका छन् । उत्थानशीलता आँकलनका लागि यी सबै सूचकहरूको प्रयोगकालागि तीसँग सम्बन्धित तथ्याङ्क र जानकारी स्थानीयस्तरमा उपलब्ध हुनुपर्दछ । यी सूचकहरूको प्रयोगबाट स्थानीय तह र समुदायको उत्थानशीलताको बहुआयामिक पक्षहरू, जस्तैः- जोखिम सामीप्यता, प्रणालीगत क्षमता, सरोकारवालाहरूको क्षमता, संस्थागत र नियमन क्षमतालाई सूचकाङ्कमा परिणत गर्न र त्यसबाट उत्थानशीलताको हालको अथवा क्रमिक अवस्थाको आँकलन गर्न सकिन्छ ।

यस रणनीतिले स्थानीय तह र समुदायमा क्रमिक उत्थानशीलता आँकलनका लागि निम्नानुसारको सूत्र प्रयोग गर्दै स्थानीय स्तरका लागि कार्यनीति र कार्ययोजना बनाउनुपर्ने मान्यता लिएको छ–

**उत्थानशीलता = (प्रणालीगत क्षमता+समुदाय र सरोकारवालाहरूको क्षमता+ संस्थागत व्यवस्थापन र नियमन क्षमता)– (प्रकोप सामीप्यता)**

(नोटः प्रकोप जोखिम सामिप्यता, प्रणालीगत क्षमता, समुदाय र सरोकारवालाहरुको क्षमता र सस्थागत व्यवस्थापन र नियमन क्षमताका सूचकहरु अनुसची२ मा उल्लेख गरिएका छन् । )

# खण्ड ३
# उत्थानशील स्थानीय समुदाय सम्बन्धी रणनीतिक व्यवस्था

## ३.१दूरदृष्टि
सबल भौतिक पूर्वाधारहरुको निर्माण, आर्थिक, सामाजिक तथा वातावरणीय विकास एवं संस्थागत क्षमताको निरन्तर अभिवृद्धि मार्फत उत्थानशील समुदायको निर्माण हुनेछ ।

## ३.२ परिदृश्य
स्थानीय तह र समुदायको प्रकोप जोखिम सामीप्यता न्यूनीकरण गर्दै समग्र भौतिक, आर्थिक, सामाजिक र वातावरणीय विकासका क्रियाकलापहरुमा उत्थानशीलताको मार्ग अवलम्बन हुनेछ ।

## ३.३ निर्देशक सिद्धान्त
यस रणनीतिले निम्नलिखित निर्देशक सिद्धान्तहरू आत्मसात गरेको छ–

१. *सबै प्रकारका प्रकोपका कारण आईपर्ने चुनौतीहरूको स्थानीयस्तरमा सामना :* रणनीतिले समुदायले भौतिक पूर्वाधारलगायत सेवा सुविधामा कमीका कारण दैनिकीमा भोग्नुपरेको सानादेखि मझौला र ठूला प्रकोपहरू विपद्को कारकको रुपमा पहिचान गर्दै तीबाट उत्पन्न हुन सक्ने सबै प्रकार र तहका विपद्हरूको चुनौतीका लागि स्थानीय तह, समुदाय, परिवार र व्यक्ति सबल हुनुपर्ने मान्यता लिएको छ ।

२. *उत्थानशीलताको क्रमिक विकास :* रणनीतिले स्थानीय तह र समुदायमा उत्थानशीलता क्रमिक रुपमा बढदै जाने सिद्धान्त स्वीकार गरेको छ। यस अर्थमा उत्थानशीलता क्रमिक रुपले बढ्दै जाने र कुनै पनि चरणमा अवशिष्ट (पहिले देखि रहि आएको) वा संग्रहित (एकमुष्ट जम्मा भएको) उत्थानशीलता शून्य अथवा शतप्रतिशत हुन नसक्ने मान्यता लिइएको छ ।

३. *संग्रहितउत्थानशीलतामा आधारित कार्ययोजना :* रणनीतिले स्थानीय तह/समुदायमा रहि आएको उत्थानशीलतालाई आधार मानी सोहि आधारमा कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्ने मान्यता लिएको छ । भौगोलिक, भौतिक, सामाजिक र आर्थिक भिन्नताका कारण हरेक स्थानीय तह/समुदायको आ-आफनो उत्थानशीलताको अवस्थामा आधारित कार्ययोजना बनाउनु आवश्यक हुन्छ ।

४. *बहुआयामिकअवधारणामा आधारित रणनीति, कार्यनीति र कार्ययोजना :* उत्थानशील समुदायको विकास बहुआयामिक अवधारणामा आधारित हुनुपर्ने मान्यताअनुरुप यस रणनीतिले स्थानीय तह र समुदायको बहुआयामिक अन्तर्सम्बन्धलाई समेट्ने प्रयास गरेको छ ।

५. *सकारात्मक विभेदको अवधारणा :* बढ्दो जनसङ्ख्याका साथै भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार विकास र सेवा सुविधामा भिन्नताका कारण समुदायहरूबीच सामाजिक र क्षेत्रगत भिन्नता र सघन शहरी र अन्य क्षेत्रहरूमा, गरिब र सुकुम्बासीहरूको सङ्ख्या र बस्ती बढ्दो छ । यस्ता बस्तीहरू साधारणतया भिरालो जमिन, नदी र खोला किनारा, सिमसार र फोहोरमैला विसर्जन गर्ने स्थानको नजिक हुने भएकाले प्रकोप जोखिमको सामीप्यता प्रत्यक्ष र परोक्ष दुबै रुपमा अन्य क्षेत्रको तुलनामा अत्यधिक हुन्छ । यसैगरी

महिला, सुत्केरी, बालबालिका, जेष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरूको प्रकोप जोखिमको सामीप्यता अन्य वर्गको तुलनामा बढी हुन्छ । विकास र आर्थिक, सामाजिक प्रगतिबाट शहरी गरिब, विपन्न र सिमान्तकृत वर्गलाई पुग्ने लाभांश अन्य वर्गको तुलनामा कम हुने भएकोले सङ्कटासन्न वर्गको उत्थानशीलतालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता रणनीतिको मार्गदर्शक सिद्धान्तका रुपमा लिइएको छ ।

६. *"सिक्ने र सिकेर गर्ने" सहभागितामूलक प्रक्रिया अबलम्बन :* उत्थानशीलतालाई विकासको रणनीतिमा रुपान्तरित गर्नकालागि स्थानीय तह र समुदायमा निरन्तर भइरहने आर्थिक सामाजिक परिवर्तनबारे जानकार रहनु आवश्यक हुन्छ। कुनै, क्षेत्र वा समुदाय विशेषको उत्थानशीलताका लागि कुनै एक कार्यनीति अथवा कार्ययोजना किटानीका साथ उपयुक्त हुने भन्न नसकिने अवस्थाका कारण "सिक्ने र सिकेर गर्ने" सिद्धान्तअनुरुप कार्यनीतिर कार्ययोजनामा समयानुकूल परिवर्तन गर्दै लैजान सहभागितामूलक प्रक्रिया अबलम्बन गर्नु उपयुक्त हुने मान्यता यस रणनीतिले स्वीकार गरेको छ ।

*७. समयानुकूल परिमार्जनको सिद्धान्त अबलम्वन :* यो रणनीति विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ अवधारणा, सन् २०१५-२०३०, र दिगो विकासका लक्ष्यहरु, सन् २०१५-२०३०, को आधारमा निर्माण गरिएको हुनाले त्यसमा परिमार्जन हुँदा यस रणनीतिमा पनि परिमार्जन हुनेछ । रणनीति कार्यान्वयन भईरहँदा भौतिक, आर्थिक, तथा सामाजिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन हुनुका साथै विपद् जोखिमका भिन्दै परिस्थितिहरु निर्माण हुन सक्ने भएकोले त्यसको सामना गर्नका लागि बेग्लै विधि र प्रक्रिया अबलम्बन गर्नुपर्ने मान्यता स्वीकार गरिएको छ ।

## ३.४ स्थानीय तह र समुदाय स्तरमा उत्थानशीलताको अवस्था पहिचान

उत्थानशीलता विकासको रणनीति अनुरुप कार्यनीति निर्माण र सो अनुसार कार्ययोजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय समुदायको उत्थानशीलताको हालको अवस्था र कमीकमजोरी पत्ता लगाउनु जरुरी हुन्छ । सो का लागि निम्न प्रक्रिया अबलम्बन गर्नुपर्दछ ।

१। अनुसुची २बमोजिमका सुचक अनुसार सुचना र तथ्यांक संकलन गर्ने ।

२। उक्त सुचना र तथ्यांकको आधारमा स्थानीय तह र समुदायको प्रकोप जोखिम सामिप्यता, प्रणालीगत क्षमता, समुदाय र सरोकारवालाहरुको क्षमता र सस्थागत व्यवस्थापन र नियमन क्षमतालाई अनुसुची अनुरुपको अंकभार दिने ।

३। कुल अंकभारलाई दफा २.४ मा उल्लेखित सूत्र प्रयोग गरि उत्थानशीलताको अवस्था पत्ता लगाउने ।

४। प्राप्त अंकभारका आधारमा स्थानीय तह र समुदायको स्तर निर्धारण गर्ने । यसको लागि तलको तालिका प्रयोग गर्नुपर्दछ :

| क्र. सं. | उत्थानशीलताका आधार | वर्ग |
|---|---|---|
| १ | अति न्यून | ङ |
| २ | न्यून | घ |
| ३ | मध्यम | ग |
| ४ | उच्च | ख |
| ५ | उच्चतम | क |

## ३.५ रणनीति

स्थानीय तह र समुदायको प्रकोप जोखिम सामीप्यता न्यूनीकरण सहित प्रणालीगत, सामुदायिक, संस्थागत र सरोकारवालाहरूको क्षमता विकाससम्बन्धि रणनीति, कार्यनीति र अपेक्षित उपलब्धी अनुसूची-३ मा देखाइएका छन् । प्रस्तावित् रणनीति बुँदागत् रुपमा निम्नानुसार रहेको छ :-

क) स्थानीय तह र समुदायको वहुप्रकोप जोखिम सामिप्यताको न्यूनीकरणकालागिः

- समग्र प्रकोप जोखिम सामिप्यता न्यूनीकरणको विधी र प्रकृया अवलम्बन गरिनेछ।
- वहुप्रकोप जोखिम सूचना प्रणालीको विकास र ब्यवस्थापन गरिनेछ।
- तथ्यपरक विश्लेषणका आधारमा विपद् जोखिम आँकलन र पूर्वसूचना प्रणालीको व्यवस्थापन गरिनेछ।

ख) स्थानीय तहमा मानवनिर्मित संरचनाको क्षमता विकासकालागि :

- भू-उपयोग प्रणालीका आधारमा जोखिम सापेक्षित पूर्वाधार र सेवा संरचनाहरूको क्षेत्रगत् विकास र योजना कार्यान्वयन गरिनेछ।
- भौतिक पूर्वाधार र सेवा संरचनाहरूको डिजाईन र निर्माण कार्यमा उत्थानशीलताका विशेषताहरूको संयोजन गरिनेछ।

ग) स्थानीय तहको परिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरताकालागिः

- भू-उपयोगमा आधारित मापदण्डको ब्यवस्था गरिनेछ।
- पूर्वाधार र सेवा संरचनाहरूको विकासमा परिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरताको सुनिश्चितता गरिनेछ।
- पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने उत्पादन र सेवाको भू-उपयोग योजनामा समायोजन गरिनेछ।
- पारिस्थितिकीय प्रणालीको संरक्षण र संवर्द्धनकालागि पारिस्थितिकीय प्रणाली सेवा करको ब्यवस्था गर्न सकिनेछ।

घ) स्थानीय समुदायको क्षमता विकासकालागिः

- प्रकोप जोखिम सामिप्यता र संकटासन्नताको कारण पहिचान गर्नेसचेतना र क्षमता अभिवृद्धि गरिनेछ।
- संकटासन्न परिवार र समुदायको पहिचानमा आधारित भौतिक, आर्थिक र सामाजिक विकासका कार्यक्रमहरूको योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।
- प्रकोप जोखिम न्यूनिकरण र अनुकूलनका विधि र प्रकृयामा स्थानीय र आधुनिक ज्ञानको संयोजन गरिनेछ। विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापनमा सिमान्तकृतवर्गको भुमिका अभिवृद्धि गर्नका साथै सहजढंगले सेवा सुविधा प्राप्त गर्ने वातावरण तयार गरिनेछ । ङ) स्थानीय तह (गाउँ/नगरपालिका) को क्षमता विकासका लागिः

- स्थानीय तहको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनिकरण र उत्थानशीलताको विषयलाई समावेशगरिनेछ ।

- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा स्थानीय तहको क्षमता अभिवृद्धिकालागि नीति, योजना र कार्ययोजना निर्माण र कार्यान्वयन गरिनेछ।
- विपद जोखिम न्यूनीकरण र जलवायु अनुकुलनता सम्बन्धि प्रशिक्षण प्रदान गरिनेछ।

च) नागरिक समाजको क्षमता अभिवृद्धिका लागिः

- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका क्षेत्रमा स्थानीय सामाजिक एवं सामुदायीक संस्थाहरुको भूमिका विस्तार गरिनेछ।
- स्थानीयस्तरमा जीविकोपार्जन, आयआर्जन र व्यवसायीकरणका कार्यक्रमहरूको संचालनमा सामुदायिक संघ-संस्था र सञ्जालहरूको संलग्नता र क्षमता विस्तार गरिनेछ।

छ) निजी क्षेत्रको भूमिका अभिवृद्धिकालागिः

- आपतकालीन आपूर्तिको सुनिश्चितता र विपद्पछिको पुनर्स्थापना र पुननिर्माणमा आवश्यक सामग्रीहरूको आपूर्ति र व्यवस्थापनमा निजीक्षेत्रको भूमिका र क्षमता विस्तार गरिनेछ।
- पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीयस्तरका वित्तिय संस्थाहरूबाटकर्जा प्रवाह, जीवन र निर्जीवन विमामा लगानीका साथै सेवा क्षमता विस्तार गरिनेछ।
- स्थानीय औद्योगिक र ब्यापारिक प्रतिष्ठानहरूबाट व्यवसायीक सामाजिक उत्तरदायित्व प्रवर्द्धनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ।

ज) स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धिका लागिः

- राहत, उद्धार, पुनर्स्थापना र पुननिर्माण जस्ता कार्यहरुलाई कुशलतापूर्वक र प्रभावकारी रुपमा सम्पन्न गर्न स्थानीय तहको क्षमता एवं दक्षता अभिवृद्धि गरिनेछ।
- स्थानीय तहमा विपद् पूर्वसुचना प्रणालीको स्थापना, आपतकालिन् कार्य संचालन केन्द्र र अभिलेख केन्द्रको व्यवस्था गरिनेछ । आधुनिक सुचना प्रविधिलाई विपद् व्यवस्थापनसंग अन्तरसम्बन्धित बनाउन स्थानीय तहलाई प्रोत्साहित गरिनेछ।
- विगत्का विपद्का क्षतिहरूको कारण पहिचान र सोको निरन्तरता रोक्ने अभ्यासको सुनिश्चितता गरिनेछ।

झ) नियमन क्षमता अभिवृद्धिका लागिः

- जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको उत्तरदायित्व निर्धारण गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धिकार्यहरुलाई पारदर्शि बनाईनेछ।

## ३.६ कार्यनीति

दफा ३.५ मा उल्लेखित रणनीतिसँग सम्बन्धित कार्यनीति अनुसूची ३ मा उल्लेख छ।

# खण्ड ४

# कार्यविधि

## ४.१ कार्ययोजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

निम्नानुसारको तीन चरणको प्रक्रियाद्वारा स्थानीय तह र समुदायमा उत्थानशीलता विकासका कार्ययोजनाको कार्यान्वयन गरिनेछ–

**पहिलो चरण-** विपद् सामना गर्ने क्षमता विकास । यस चरणमा स्थानीय तह र समुदायमा निम्नलिखित क्षमता विकास हुनेछः

- स्थानीयस्तरमा सङ्कटासन्न क्षेत्र, परिवार र व्यक्तिहरूको पहिचान,
- जोखिम पहिचान भएका क्षेत्रहरूमा बसोबास गर्ने परिवारलाई सुरक्षित खुला स्थानको पहिचान गरि स्थानान्तरण गर्ने कार्ययोजना,
- पूर्वतयारीका क्रममा विपद् आइलाग्दा आपतकालीन आवश्यक खाद्य सामग्री, प्राथमिक उपचार, औषधी तथा खोज र उद्धारका लागि अत्यावश्यक उपकरण एवं सामग्रीको स्थानीयस्तरमा भण्डारण र व्यवस्थापन,
- विपद् पूर्वतयारी र त्यसअन्तर्गत कमजोर पूर्वाधारको सबलीकरण, बाली र वस्तुभाउको वीमा र आपतकालीन स्थानान्तरण र वासस्थानको पहिचान र व्यवस्थापन,
- सरकारी निकाय, गैरसरकारी संस्था र लोकोपकारीसङ्घ-संस्थासँग सम्बन्ध विस्तार ।

**दोस्रो चरण -** यस चरणमा निम्नाअनुसारको क्षमता विकासबाट स्थानीय तह र समुदायमा विपद्को सामना गर्दै पूर्ववत अवस्थामा फर्किने क्षमता विकास हुनेछः

- छोटो समयमा विपद् प्रभावित क्षेत्र र परिवारको क्षतिको तथ्याङ्क सङ्कलन र आपतकालिन सेवासुविधा आवश्यकताको पहिचान,
- स्थानीयस्तरमा खोज, उद्दार र राहत वितरणको कार्य सुचारुरूपले सञ्चालन गर्न नेतृत्वको पहिचान र विकास,
- बाह्य सहयोग (सरकारी वा गैरसरकारी) प्राप्त हुनुअघि स्थानीयस्तरमा प्रतिकार्य सुरु गर्ने क्षमताको विकास,
- राहत तथा पुनर्स्थापनाका क्रममा आवश्यकता अनुसार बस्तु, सेवा तथा नगद वितरणका कार्यहरु संचालन गर्ने क्षमता विकास,
- स्थानीयस्तरमा सामाजिक परिचालनमार्फत अस्पताल, विद्यालय, सार्वजनिक सेवा प्रदायक निकायहरु, बाटो, आवागमनको साधन, सञ्चार सुविधा आदिको मर्मत-सम्हार र पुनर्स्थापना गर्ने क्षमता विकास,
- छोटो अवधिमा आयआर्जनका उपायहरूको स्थानीयस्तरमा पहिचान र कार्यान्वयन।

**तेस्रो चरण–** यस चरणमा विगतको अनुभवबाट पाठ सिक्दै समुन्नत भविष्यतर्फ अग्रसर हुनका निम्ति निम्नलिखित क्षमताको विकास हुनेछः

- विगतका विपद्‌बाट पाठ सिक्दै सङ्कटासन्नता कम गर्ने उपायहरूको पहिचान र कार्यान्वयन,
- विपद् पुनर्लाभ र पुनर्निर्माण कार्ययोजनामा बहु-प्रकोप जोखिम न्यूनीकरण अवधारणाको संयोजन,
- विपद्‌बाट क्षतिग्रस्त स्थानीय आर्थिक प्रणाली, बजार र आपूर्ति व्यवस्था सुचारु गर्न ज्ञान र सीपको प्रयोग,
- समुदायको अगुवाइमा स्थानीय सरकार, सरकारी निकाय र गैरसरकारी संघ-संस्थाबाट प्राप्त सहयोगको परिचालन,
- स्रोत परिचालन र व्यवस्थापनमा आत्मनिर्भरता ।

## *४.२ स्थानीय तहको जिम्मेवारी तथा भुमिका*

यस रणनीति मार्फत स्थानीय तहलाई रणनीति कार्यान्वयनका लागि जिम्मेवार र उत्तरदायी निकायका रूपमा पहिचान गरिएको छ । रणनीति कार्यान्वयनमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका सहयोगी र समन्वयकारी निकायको रूपमा रहनेछ । रणनीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन प्रक्रियामा उक्त मन्त्रालय र स्थानीय तहको संयोजनमा अन्य सरोकारवाला निकाय र सङ्घ-संस्थाहरूको सहभागिता रहनेत।

## *४.३ सङ्घीय तथा प्रदेश सरकारको जिम्मेवारी तथा भूमिका*

नेपालको संविधानले स्थापित गरेको सङ्घीय शासनको अवधारणा अनुरूप संचालित सङ्घीय, र प्रादेशिकसरकारको समन्वय र सहजिकरणमा स्थानीय तहरूले रणनीति कार्यान्वयन गर्नेछन् । रणनीतिले अबलम्बन गरेको बहुआयामिक, बहुक्षेत्रीय र बहुविधागत अवधारणा कार्यान्वयनमा शहरीक्षेत्र, समुदाय, पूर्वाधार विकास र व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, उत्पादन र आपूर्तिका साथै वित्तीय व्यवस्थापनसँग सम्बन्धित मन्त्रालय र निकायहरूको प्रत्यक्ष र परोक्ष सहयोग आवश्यक हुन्छ । यस सन्दर्भमा नेपाल सरकारको शहरी विकास, भौतिक पूर्वाधार र यातायात, उद्योग वाणिज्य तथा आपूर्ति, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र मातहतका निकायहरूको रणनीति कार्यान्वयनको सहजिकरणमा महत्वपूर्ण भूमिका रहने हुँदा उक्त मन्त्रालय र मातहतका निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने जिम्मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हुनेछ ।

## *४.४ विकास साझेदारहरूको भूमिका*

विकास साझेदारहरूको भूमिका संघीय तथा प्रादेशिक सरकारको समन्वयमा यो रणनीतिअनुसारको कार्ययोजनाको तयारी, स्रोत परिचालन र स्थानीय तहको क्षमता विकासमा केन्दित हुनेछ ।

## ४.५ स्थानीय तह र समुदायबीच जिम्मेवारी बाँडफाँड

यस रणनीतिले आत्मसात गरेको आत्मनिर्भरता र स्वशासनको आधारभूत मान्यताअनुरूप रणनीति कार्यान्वयनमा स्थानीय सरकारको भूमिका प्रमुख रहे पनि कार्यक्रम कार्यान्वयनमा स्थानीय समुदायको भूमिका बढ्दै जाने अपेक्षा गरिएको छ । प्रारम्भिक चरणकोसहभागिताले समुदायको क्षमता अभिवृद्धि हुनेछ। क्षमता वृद्धिको निरन्तरताले समुदायलाई नीति र कार्यक्रम कार्यान्वयनका लागि सक्षम बनाउँदै लैजानेछ ।

## ४.६ कार्यक्रमहरू

१. स्थानीय तह र समुदायमा बढ्दो प्राकृतिक (भौगोलिक र भौगर्भिक), जलवायु परिवर्तन, जैविक, प्राविधिक र मानवजन्य प्रकोप जोखिम सामीप्यताका कारण आसन्न बहु-प्रकोप जोखिम न्यूनीकरणलाई स्थानीय विकासको अवधारणामा एकीकरण गर्ने कार्यहरू ।

२. स्थानीय तह र समुदायमा उत्थानशील विकासकालागि बहु-प्रकोप जोखिम सामीप्यता पहिचानको आधारमा समग्र प्रकोप जोखिम सामीप्यता न्यूनीकरणको विधि र प्रक्रिया अवलम्बनका कार्यहरु ।

३. स्थानीय तहमा भौगोलिक सूचना प्रणालीमा आधारित बहु-प्रकोप जोखिम सूचना प्रणालीको स्थापना गर्ने काय ।

४. स्थानीय तहर समुदायको बहु-प्रकोप जोखिम सामिप्यताको तथ्यपरक विश्लेषणका आधारमा विपद् जोखिम आँकलन पद्धति र पूर्वसूचना प्रणालीको विकास ।

५. मानव निर्मित संरचनाहरूको प्रकोप जोखिम वहन गर्ने क्षमता अभिवृद्धिबाट विपदका दौरान संरचनागत र मानवीय क्षतिमा न्यूनीकरण गर्ने कार्यहरू।

६. पारिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरतामा जोड।

७. स्थानीय तहर समुदायमा प्रकोप जोखिम पहिचान, सङ्कटासन्नता र अनुकूलनको बुझाइ, ज्ञान र क्षमताको निरन्तर विस्तार।

८. स्थानीय तहको जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा क्षमता अभिवृद्धि र सामर्थ्य विस्तार।

९. जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा नागरिक समाजको भूमिका विस्तार।

१०. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा निजी क्षेत्रको भूमिका विस्तार।

११. विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माणका क्षेत्रमा स्थानीय स्तरमा संस्थागत व्यवस्था र तिनको कार्यान्वयन क्षमतामा विस्तार।

१२. स्थानीय स्तरमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनमा असल शासकीय पद्धतिको विकासर विस्तार।

१३. महिला, वालवालिका, अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरू र अन्य संकटासन्न समुहका लागि विशेष कार्यक्रमहरूको सञ्चालन।

# खण्ड ५
# रणनीति कार्यान्वयन ढाँचा

## ५.१ कार्यान्वयन ढाँचा

| मुख्य जिम्मेवार | | |
|---|---|---|
| संघ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(रणनीति कार्यान्वयन अन्तरमन्त्रालय संयोजन संयन्त्र) | • विषयगत संसदीय समिति<br>• गृह मन्त्रालय<br>• अन्य मन्त्रालयहरु<br>• राष्ट्रिय योजना आयोग<br>•<br>• राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• विकास साझेदारहरु |
| प्रदेश | प्रदेश स्तरीय मन्त्रालयहरु<br>↓<br>निर्देशनालय<br>↓<br>विपद् व्यवस्थापन महाशाखा | • प्रदेशको सम्बन्धित मन्त्रालय र निकाय<br>• प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसमिति<br>• सरोकारवाला |
| स्थानीय तह | विपद् व्यवस्थापन महाशाखा/शाखा/उपशाखा<br>↓<br>वडा/समुदाय स्तरीय विपद् व्यवस्थापन समिति | • जिल्ला विपद् व्यवस्थापन समिति - जिल्लास्तरमा)<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• नागरिक समाज<br>• सरोकारवाला सामाजिक संघ संस्थाहरु<br>• राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु तथा रेडक्रस अभियान<br>• विषयगत शाखाहरु |

## ५.२ वित्तीय स्रोत व्यवस्थापन

स्थानीय तहले संघ वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम र आफ्नो आन्तरिक स्रोतबाट प्राप्त रकम मार्फत उत्थानशीलता विकासका कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्नेछ । वार्षिक बजेट तर्जुमा दिग्दर्शन अनुसार स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी उत्थानशील समुदायको विकासका लागि आवश्यकता अनुसारको रकम विनियोजन गर्नेछन्। यस रणनीतिको कार्यान्वयनका लागि संघ वा प्रदेश सरकारले स्थानीय तहको अनुरोधमा कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ। विकास साझेदार निकाय, संघ संस्था एवं निजी क्षेत्र र गैरसरकारी संस्थाहरुले पनि स्थानीय तहसँग सम्झौता गरी एकिकृत रुपमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् ।

## ५.३ अनुगमन मूल्याङ्कन

क) स्थानीय तहले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सूचकमा उत्थानशील स्थानीय समुदायका लागि यस रणनीतिसँग सम्बन्धित सूचकहरु समेत समावेश गरी अनुगमन मूल्याङ्कन गर्नेछन् ।

ख) संघ वा प्रदेश सरकारले उपलब्ध गराएको कार्यक्रमका हकमा संघ वा प्रदेश सरकारबाट पनि अनुगमन हुनेछ ।

ग). स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन गर्दा विकास साझेदार निकाय वा निजी क्षेत्र र गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको पनि अनुगमन मूल्याङ्कन गर्नेछन्।

घ). अनुगमन मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त सुझावलाई स्थानीय तहले वार्षिक रुपमा अद्यावधिक गरी योजना तर्जुमा गर्दा सिकाईको रुपमा अवलम्बन गर्नेछन्।

# अनुसूचीहरू

**अनुसूची-१ : प्रकोप र तिनले पार्ने प्रभाव क्षेत्रहरू (दफा २.२ सँग सम्बन्धित)**

| प्रकोपको किसिम | प्रभावित हुने सम्भावित क्षेत्र |
|---|---|
| **प्राकृतिक** | |
| भूकम्प | मुलुकभर |
| बाढी (डुवान, कटान र बालुवा भरान) | तराई र पहाडी भूभागका बेसी र उपत्यकाहरू |
| पहिरो र पहिरोले बनाएको बाँधको विस्फोटन | पहाडी, चुरे क्षेत्र |
| लेदो (डेब्री) बहाब | १,७०० मिटरभन्दा अग्ला पहाडी भेग र चुरे क्षेत्र |
| हिमताल विस्फोटन बाढी | हिमाली भेग, प्रभाव पहाडी क्षेत्रसम्म पुग्न सक्छ |
| हिमपहिरो | उच्च हिमाली भेग |
| डढेलो | मध्य पहाड, तराई र बेसीहरू |
| खडेरी | मुलुकभर |
| हावाहुरी/असिना | तराई र पहाडी भेग |
| चटयाङ | मध्यपहाडी भेग र तराई |
| तातो हावा/गर्मी, शीतलहर | तराई/बेशीहरू |
| **मानवजन्य** | |
| महामारी | पहाडी भेग, तराई र केही हिमाली भेग |
| आगलागी | धेरैजसो तराई, केही मध्यपहाड र शहरी क्षेत्र |
| सडक दुर्घटना | शहरी र राजमार्ग क्षेत्र |
| औद्योगिक/प्राविधिक दुर्घटना | शहरी र औद्योगिक क्षेत्र |
| भू-क्षय | खेती गरिएका पहाडी र बाटो निर्माण हुँदै गरेका क्षेत्र |
| सामाजिक अवरोध | मुलुकभर |

**अनुसूची-२ : उत्थानशीलताका सूचकहरू(दफा २.३ सँग सम्बन्धित)**

**(क) प्रकोप जोखिम सामीप्यताका सूचकहरू**

| |
|---|
| (१) **जलवायु परिवर्तनसँग सम्बन्धितः**<br>● बढ्दो तापक्रमको अवस्था (**°से/वर्ष**)<br>● दैनिक तापक्रम २४°से. भन्दा माथि हुने (**दिनहरू**)<br>● न्यूनतम तापक्रम शून्य°से. भन्दा तल हुने (**दिनहरू**)<br>● खडेरीको आवृति(**सङ्ख्या**)<br>● अतिवृष्टिको आवृति (**दिन/वर्ष**)<br>● १५० मि.मि./प्रतिदिन भन्दा बढी वर्षा (**दिन/वर्ष**) |
| (२) **जलजन्य प्रकोपसँग सम्बन्धितः**<br>● बाढी प्रभावित क्षेत्रफल (**वर्ग कि. मि. वा प्रतिशत**)<br>● निरन्तर २ हप्ताभन्दा बढी वर्षाको पानी जमाव हुने क्षेत्रफल (**वर्ग कि. मि. वा प्रतिशत**) |
| (३) **भौगोलिक जोखिमसँग सम्बन्धितः**<br>● ३०° वा सोभन्दा बढी भिरालो धरातलमा बसोवास क्षेत्रफल (**वर्ग कि. मि.**)<br>● पहिरो तथा भू-क्षयको आसन्न जोखिमको आधारमा क्षेत्रफल (बसोवास भएको क्षेत्रफल मात्र) (**वर्ग कि. मि.**)<br>● भूकम्पीय जोखिमको संवेदनशिल क्षेत्रहरू (**वर्ग कि. मि.**) |
| (४) **जैविक प्रकोप/जोखिमसँग सम्बन्धितः**<br>● विगतमा पानीजन्य रोग (हैजा, टाइफाइड, झाडा, पखाला, जन्डिस आदि) को महामारीको आवृति/घटनाहरू (**पटक/वर्ष**)<br>● विगतमा झिंगा, लामखुट्टे, भुसुना आदिका माध्यमबाट फैलिने रोग(औलो, कालाजार, डेंगु, जापनिज इन्सेफेलाइटिस आदि) को महामारीको आवृति/घटनाहरू (**पटक/वर्ष**)<br>● जङ्गली जनावरबाट प्रभावित क्षेत्र/जनसंख्या (**प्रतिशत**) |
| (५) **प्राविधिक जोखिमसँग सम्बन्धितः**<br>● वातावरणीय प्रदूषणका लागि संवेदनशील औधोगिक एकाइहरू (**एकाइ सङ्ख्या**)<br>● शहरीक्षेत्रका वासिन्दा प्रभावित भएका विगतका औद्योगिक दुर्घटना, विस्फोटन, आगलागी, रसायन चुहावट घटना (**घटना सङ्ख्या**)<br>● सडक दुर्घटनाको सङ्ख्या र मानवीय क्षति (**जम्मा मृत्यु/घाइते सङ्ख्या**) |

(६) **मानवीय कारणबाट हुने जोखिमसँग सम्बन्धितः**

- जनघनत्व (**व्यक्ति/वर्ग कि. मि.**)
- आवास भवनहरूको घनत्व (**सङ्ख्या/वर्ग कि. मि.**)
- सवारी साधनहरूको घनत्व (दुई पाँग्रे र चार पाँग्रे) (**सङ्ख्या**)
- बन्द, हडताल लगायत सामाजिक सद्भावमा असरपर्ने घटनाहरूको आवृति (**सङ्ख्या**)

**(ख) प्रणालीगत उत्थानशीलताको सामर्थ्यका सूचकहरू**

(१) **मानव निर्मित भौतिक पूर्वाधार प्रणाली र तिनको व्यवस्थापनसँग सम्बन्धितः**

- सडक घनत्व (निर्माण योग्य क्षेत्रमा आधारित) (**कि. मि./वर्ग कि. मि.**)
- कालोपत्र भएको सडकको लम्बाइ (**कि. मि.**)
- वैकल्पिक सडकमार्गको उपलब्धता (**कि. मि.**)
- पाइपलाइनबाट उपलब्ध खानेपानीको वितरण प्रणालीमा पहुँच भएको घरधुरीको (**घरधुरी सङ्ख्या**)
- प्रतिव्यक्ति खानेपानीको उपलब्धता (**लिटर./व्यक्ति/दिन**)
- वैकल्पिक खानेपानीको स्रोतमा पहुँच भएको घरधुरी (**घरधुरी सङ्ख्या**)
- स्थानीय तहको फोहरमैला व्यवस्थापन प्रणालीबाट प्रतिदिन सङ्कलन हुने मध्ये र व्यवस्थापन हुने फोहरमैलाको (**प्रतिशत**)
- फोहरमैला व्यवस्थापन प्रणालीमा पहुँच हुने (**घरधुरी सङ्ख्या**)
- फोहरमैला व्यवस्थापनकालागि व्यवस्थित ल्यान्डफिल साइटको उपलब्धता (**छ/छैन**)
- घरदैलोभित्रै शौचालय हुने (घरधुरी सङ्ख्या) (
- सडकपेटीसँगै वर्षाको पानी निकासका लागि नालाड्रेनको व्यवस्था (नाला ड्रेनको लम्बाइ, सडक लम्बाइको प्रतिशतमा) (**कि.मि. वा प्रतिशत**)
- ढलनिकाससँग जोडिएको घरधुरी(**घरधुरी सङ्ख्या**)
- ढलनिकासबाट कुल तरल फोहरको निर्मलीकरण/व्यवस्थापन (**प्रतिशत**)
- अस्पताल शैयाको उपलब्धता (**शैया सङ्ख्या/१,००० व्यक्ति**)
- चिकित्सकको उपलब्धता (**सङ्ख्या/१,००० व्यक्ति**)
- नक्सा पासका आधारमा निर्मित स्थायी आवास भवन (**सङ्ख्या वा प्रतिशत**)
- स्थानीयस्तरमा सुनिने सामुदायिक एफ.एम. रेडियो (**सङ्ख्या**)
- विद्युत्को उपलब्धता (जलविद्युत + अन्यस्रोत) (**घरधुरी सङ्ख्या**)
- फोन सुविधाको उपलब्धता (**घरधुरी सङ्ख्या**)
- सेल्यूलर मोबाइल उपभोक्ता (**उपभोक्ता सङ्ख्या**)
- इन्टरनेट सुविधाको उपलब्धता (**उपभोक्ता सङ्ख्या**)

(२). **पारिस्थितिकीय प्रणाली र तिनको व्यवस्थापनसँग सम्बन्धित सूचकहरुः**

- स्थानीय तहको वन/वृक्षारोपण क्षेत्रफल (**वर्ग कि. मि. वा प्रतिशत**)
- सडक र नदी/खोला क्षेत्रमा हरित क्षेत्रफल (**वर्ग कि. मि. वा प्रतिशत**)
- स्थानीय तहमा निर्मित संरचना क्षेत्र (Build-up Area) मा खुलास्थान, पार्क आदिको उपलब्धता (**वर्ग कि. मि. वा प्रतिशत**)
- वर्षाको पानी सङ्कलन हुने पोखरी र मानव निर्मित रिजर्भवायरको उपलब्धता (**छ/छैन**)
- स्थानीय क्षेत्रभित्र पानी सोस्नका लागि छोडिएको खुला सतहक्षेत्र (**प्रतिशत**)

**(ग) स्थानीय स्तरका सरोकारवालाहरूको सामर्थ्यका सूचकहरू**

**(१) स्थानीय स्तरका वासिन्दाको सामाजिक र आर्थिक क्षमतासँग सम्बन्धितः**

- लैंगिक अनुपात (पुरुष/महिला) (**अनुपात**)
- आश्रित जनसङ्ख्या (१५ वर्षभन्दा मुनि र ६५ वर्षभन्दा माथिको) (**सङ्ख्या वा प्रतिशत**)
- निरपेक्ष गरिबीको रेखामुनिरहेको जनसङ्ख्या (**घरधुरी सङ्ख्या**)
- शिशु मृत्युदर (५ वर्षमुनिको शिशु मृत्युदर) (**मृत्युदर/१,००० जन्म**)
- मातृ मृत्युदर (**मृत्युदर/१,००० प्रसव**)
- सरदर आयु (**वर्ष**)
- दलित+जनजाति (**घरधुरी सङ्ख्या**)
- अपाङ्गता भएका व्यक्तिहरु (सङ्ख्या)झुपडी/सुकुमबासी सङ्ख्या (**घरधुरी सङ्ख्या**)
- कुल साक्षरता (**प्रतिशत**)
- महिला साक्षरता (**प्रतिशत**)
- १५ वर्षमुनिका विद्यालय जाने बालबालिका (**प्रतिशत**)
- वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने (**घरधुरी सङ्ख्या**)
- कृषिक्षेत्रमा आश्रित घरधुरी (**घरधुरी सङ्ख्या**)
- गरिवीको रेखामुनी रहेका जम्मा घरधुरी (**घरधुरी सङ्ख्या**)

**(२) स्थानीय सरकारको सामर्थ्यसम्बन्धीः**

- स्थानीय तहमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरणीय व्यवस्थापन कार्यका लागि बेग्लै संस्थागत एकाइको व्यवस्था (**छ/छैन**)
- उक्त एकाइमा योग्य तथा तालिमप्राप्त जनशक्तिको नियुक्ति तथा परिचालन (**छ/छैन**)
- आकस्मिक आगलागी नियन्त्रण गर्न वारुणयन्त्रका साथै दक्ष जनशक्तिको व्यवस्थापन (**छ/छैन**)
- एम्बुलेन्स सेवाको उपलब्धता तथा विश्वसनियता (**छ/छैन**)

- वार्षिक बजेटको आकार (**रु.**)
- वार्षिक विकास बजेटको आकार (**रु.**)
- लैंगिक र वातावरण मैत्री संरचना र बजेट विनीयोजन (**छ/छैन**)
- विकास बजेट खर्च प्रगति (**प्रतिशत**)
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरणीय व्यवस्थापनजस्ता कार्यमा कुल वार्षिक बजेट खर्चको भाग (**रु. वा प्रतिशत**)
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरणीय व्यवस्थापनजस्ता कार्यमा योजनावद्ध कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको अवस्था (**छ/छैन**)
- स्थानीय समुदायलाई विपद्बारे पूर्व जानकारी सम्प्रेषण/सुसूचित गर्ने अवस्था (**छ/छैन**)
- स्थानीय समुदायसँग विपद् व्यवस्थापनमा सहकार्य गर्ने अवस्था (**छ/छैन**)

(३) **सामाजिक/सामुदायिक सरोकारवाला र संघ/संस्थाहरूको क्षमतासम्बन्धीः**

- स्थानीय तहमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरणीय व्यवस्थापनको कार्यहरूमा सामाजिक संघसंस्था तथा सञ्जालहरूको उपस्थिती (**छ/छैन**)
- स्थानीय तहमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरणीय व्यवस्थापनका कार्यक्रम सञ्चालन र कार्यान्वयनमा सक्रिय सामुदायिक संस्थाहरूको (**सङ्ख्या**)
- वडा स्तरिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको गठन र सक्रियताको अवस्था (**छ/छैन**)
- स्थानीयतहमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन र वातावरणीय व्यवस्थापनवारे सामुदायिक संस्थाहरूबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरू (**सङ्ख्या**)

(४) **स्थानीयतहमाक्रियाशिल विकास साझेदारहरुको क्षमतासम्बन्धीः**

- स्थानीय तहमाविपद् व्यवस्थापन, जलवायु परिवर्तन र वातावरणीय व्यवस्थापनको क्षेत्रमा सक्रिय राष्ट्रिय/अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरू (**सङ्ख्या**)
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन र वातावरणीय व्यवस्थापनको क्षेत्रमा स्थानीय तह सँग सहकार्य गरिरहेका हालका राष्ट्रिय/अतरराष्ट्रिय गैरसरकारी संस्था(**सङ्ख्या**)
- स्थानीयतहमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन र वातावरणीय व्यवस्थापनको क्षेत्रमा राष्ट्रिय/अन्तरराष्ट्रिय संस्थाहरूबाट गरिने वार्षिक लगानी (**रु.**)

(५) **निजीक्षेत्रको क्षमतासम्बन्धीः**

- निजीक्षेत्रको वार्षिक खाद्यवस्तु भण्डारण क्षमता (**टन**)
- विपद् वा आपतकालमा निजी क्षेत्रको औषघी र उपचारका उपकरणहरूको आपूर्तिको क्षमता (**अपर्याप्त/मध्यम/पर्याप्त**)
- विपद् वा आपतकालमा निजीक्षेत्रको खाद्यवस्तु आपूर्ति क्षमता (**जम्मा दिन**)
- निजीक्षेत्रबाट आफ्नैस्तरमा वा सरकारको सहकार्यमा स्थानीयक्षेत्रमा विपद् व्यवस्थापन, जलवायु परिवर्तन र वातावरणीय व्यवस्थापनको क्षेत्रमा गरिने वार्षिक लगानी (**रु.**)
- तथ्याङ्क संकलन, राहतको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद

व्यवस्थापन सम्बन्धि काममा सहयोग गर्ने (**छ/छैन**)

- विपद् व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने (**छ/छैन**)
- क्षमता विकास, आपत्कालिन नमूना अभ्यास तथा व्यवस्थापन सम्बन्धि प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने (**छ/छैन**)
- खोज, उद्दार तथा राहत वितरण सम्बन्धि कार्यमा सहयोग गर्ने (**छ/छैन**)

### (घ) संस्थागत व्यवस्था र नियमन क्षमता सम्बन्धी सूचकहरू

**(१) संस्थागत व्यवस्थासम्बन्धीः**

- स्थानीय विपद् व्यवस्थापन समिति गठन (**छ/छैन**)
- स्थानीय विपद व्यवस्थापन योजना निर्माण (**छ/छैन**)
- विपद् प्रतिकार्य, खोजी तथा सहायताका लागि स्थानीय तहमा विपद् प्रतिकार्य समितिको गठन (**छ/छैन**)
- स्थानीय तहमा प्रतिकार्य, खोजी तथा सहायता परिचालनका लागि तालिमप्राप्त/अनुभवि जनशक्ति (**सङ्ख्या**)
- स्थानीयस्तरको विपद् प्रतिकार्य समितिको जिल्लास्तरीय विपद् प्रतिकार्य समितिसँगको सम्बन्ध (**छ/छैन**)
- विपद् प्रतिकार्य समिति वा नगरपालिकासँग स्थानीयस्तरमा विपद्का समय खोजी तथा सहायताकार्यमा खट्न सक्ने स्वयंसेवीहरूको अद्यावधिक रेकर्ड (**छ/छैन**)
- विपद् प्रतिकार्यमा सञ्चालन गर्न सकिने स्थानीयस्तरमा उपलब्ध उपकरण, मेसिन, औजार आदिको अद्यावधिक रेकर्ड (**छ/छैन**)
- स्थानीय सरकारमा विपद् प्रतिकार्यका लागि वार्षिक वजेट विनियोजन (**छ/छैन**)

**(२) नियमन क्षमतासम्बन्धीः**

- स्थानीय विपद् व्यवस्थापन समिति क्रियाशील(**छ/छैन**)
- स्थानीय विपद व्यवस्थापन योजना कार्यान्वयन भएको (**छ/छैन**)
- भू-उपयोगको योजना तथा कार्यान्वयनको अवस्था (**छ/छैन**)
- भवन निर्माणका लागि तोकिएको कानुनी व्यवस्था तथा संहिताको कार्यान्वयन (**भएको छ/छैन**)
- भवन निर्माणका लागि राष्ट्रिय भवन निर्माण मापदण्ड कार्यान्वयन (**भएको छ/छैन**)
- तोकिएको मापदण्डअनुरूप निर्माण भएको/नभएको अनुगमनको व्यवस्था तथा सो कार्यमा जनशक्ति परिचालन व्यवस्थापन (**छ/छैन**)
- तोकिएको मापदण्डअनुरूप निर्माण भएको/नभएको वा सुरक्षित रहेको/नरहेको प्रमाणपत्र दिने व्यवस्था
  (**छ/छैन**)
- सार्वजनिक तथा बृहत निर्माण कार्यको सामाजिक सम्परीक्षणको व्यवस्था/परम्परा (**छ/छैन**)
- स्थानीय तहमा गरिने निर्माण कार्यको आवधिक योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था(

**छ/छैन**)

- भवन निर्माणलगायत अन्य भौतिक संरचनाहरूको निर्माणमा स्थानीय ज्ञान र सीपको परिचालन **भएको**
  (**छ/छैन**)
- भवन निर्माणलगायत अन्य भौतिक संरचनाहरूको निर्माणमा स्थानीय संस्कृति झल्किने शिल्प, शैली तथा निर्माण सामग्री प्रयोगको प्राथमिकता (**छ/छैन**)

नोट : सम्बन्धित सूचकहरूको मापन एकाई कोष्ठ (......) मा देखाइएको छ ।

**अनुसूची-३ : अवशिष्ट उत्थानशीलताका आधारमा स्थानीय तहको बर्गिकरणको आधार (दफा ३.४ सँग सम्बन्धित)**

| क्रसं. | आधार | सूचक | स्थानीय तहको उत्थानशीलताको वर्ग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ङ वर्ग | घ वर्ग | ग वर्ग | ख वर्ग | क वर्ग |
| १. | **१. प्रकोप जोखिम सामीप्यता** : (प्राकृतिक, जलवायुजन्य, प्राविधिक र मानवजन्य प्रकोपहरू) | बहु-प्रकोप जोखिम बोध | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | बहु-प्रकोप जोखिम र प्रकोप सापेक्ष तथ्याङ्क र सूचना सङ्कलन र व्यवस्थापन प्रणाली र कार्यविधि | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विविध तथ्याङ्क (जातजाती, उमेर, लिङ्ग) र विगतका घटनाहरूको विश्लेषणबाट प्रकोप जोखिम विपद्मा विस्तारित हुने सम्भावनाको वस्तुनिष्ट आकलन गर्ने क्षमता र प्रणाली | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| २. | **२.प्रणालीगत सामर्थ्यः** (क) मानव निर्मित संरचना र प्रणालीहरूको क्षमता | स्थानीय तहको भौतिक र सेवा पूर्वाधार (आवास, सडक/बाटो, खानेपानी, सरसफाइ, अस्पताल, ऊर्जा तथा सञ्चार) को अवस्था | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | स्थानीय तहको भौतिक र सेवा पूर्वाधार संरचनाहरूको डिजाइन र निर्माणमा बहु-प्रकोप जोखिम सम्भावनाको आकलन र एकीकरण | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम् |
| | | स्थानीय तहका बासिन्दाको भौतिक पूर्वाधार र सेवा संरचनामा पहुँचमा क्षेत्रगत भिन्नता | उच्चतम | उच्च | मध्यम | न्यून | न्यूनतम |
| | | विपद् र आपतकालीन स्थितिमा प्रयोग हुन सक्ने वैकल्पिक भौतिक पूर्वाधार र सेवा संरचनाको उपलब्धता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | भौतिक र सेवा पूर्वाधारहरूको योजनाबद्ध विकास, निर्माण र तिनका कारण वातावरण र पारिस्थितिकीय प्रणालीमा पर्ने प्रभाव आकलन र न्यूनीकरणको अवस्था | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | (ख) पारिस्थितिकीय प्रणालीको क्षमता | स्थानीय पारिस्थितिकीय प्रणाली र तिनबाट प्रदत्त सेवाहरूको तथ्याङ्क सङ्कलनको प्रयास र विश्लेषणको अवस्था | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | पारिस्थितिकीय प्रणालीमा उपलब्ध प्राकृतिक स्रोतहरूमा मानवजन्य क्रियाकलापको नकारात्मक प्रभावको अवस्था | उच्चतम | उच्च | मध्यम | न्यून | न्यूनतम |
| | | भौतिक पूर्वाधार निर्माणका कारण पारिस्थितिकीय प्रणालीको खण्डीकरण वा व्यवस्थापकीय अभावको अवस्था | उच्चतम | उच्च | मध्यम | न्यून | न्यूनतम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | **समुदाय र सरोकारवालाको क्षमता :**<br>(क) स्थानीय समुदायको क्षमता | समुदायको जीविकोपार्जनमा आफनै उत्पादन सम्बन्धित स्रोत र साधनमा निर्भरता | उच्चतम | उच्च | मध्यम | न्यून | न्यूनतम |
| | | आम्दानी र जीविकोपार्जन विविधिकरणका लागि ज्ञान, सीप र अवसरहरू | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | सङ्कटासन्नताका दृष्टिले लक्षित समूह (गरिब, विपन्न, सुकुम्बासी, एकल महिला, अपाङ्गता भएका वर्ग) सँग सम्बन्धित विवरण/तथ्याङ्कहरूको उपलब्धता तथा तिनको अवस्थितिसँग सम्बन्धित जानकारी | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | (ख) स्थानीय तहको क्षमता | स्थानीय तहमा योजनाबद्ध विकासका लागि संस्थागत व्यवस्थापकीय संरचना, जनशक्ति र स्रोत साधनहरुको उपलब्धता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | आवधिक विकास योजना र योजना कार्यान्वयनमा जलवायु परिवर्तन, वातावरणीय व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणजस्ता विषयहरूको एकीकरण र समायोजनको क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | वार्षिक बजेट विनियोजनमा जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीको संरक्षण र व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रहरूको प्राथमिकता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | स्थानीय तहको विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका क्षेत्रसँग सम्बन्धित कार्यहरूमा अन्य निकाय, गैरसरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य सम्बन्धी क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको सङ्ख्या, कार्यान्वयनमा संलग्नता र लगानी | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | (ग) नागरिक समाजको उपस्थिति र क्षमता | नागरिक समाज, महिला तथा आमा समूह, ज्येष्ठ नागरिक समूह, युवा क्लबजस्ता स्वतःस्फूर्त सामाजिक संस्था तथा तिनका सञ्चालहरूको उपस्थिति र क्रियाशीलता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन जस्ता क्षेत्रमा क्रियाशीलताका लागि नागरिक समाजको ज्ञान, सीप र क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (घ) निजी क्षेत्रको सामर्थ्य | सङ्गठित निजी क्षेत्रको उपस्थिति र सामाजिक कार्यहरूमा संलग्नता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्निर्माणका क्षेत्रमा निजी क्षेत्रको संलग्नता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विपद र आपतकालीन स्थितिमा निजी क्षेत्रद्वारा आपूर्ति व्यवस्था र सेवा प्रवाहमा निरन्तरताको क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| ४ | **संस्थागत व्यवस्था र नियमन प्रणालीको क्षमता :** | विपद् पूर्वतयारी र विपद्पछिको चरणमा प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माणका लागि स्थानीय तहभित्र संस्थागत संरचना र तत्सम्बन्धी क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | (क) संस्थागत व्यवस्था | विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलनजस्ता क्षेत्रमा कार्यगत निरन्तरताका लागि स्थानीय तहमा कार्यप्रणाली, नियमावली, विधि र प्रक्रिया आदिको उपलब्धता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | (ख) नियमन प्रणालीको कार्यान्वयन क्षमता | भूउपयोग प्रणाली, भवन निर्माण संहिता तथा निर्माण मापदण्ड प्रतिपादन, परिमार्जन र कार्यान्वयन क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | विकास तथा निर्माण कार्यहरूको योजना तर्जुमा, कार्यान्वयन र स्थानीय तहकोप्राविधिकसामाजिकसम्परीक्षणगर्ने क्षमता | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |
| | | पूर्वाधार तथा भवन निर्माणमा स्थानीय ज्ञान, सीप, सामग्रीहरूको परिचालन, प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक महत्व र संस्कारको समायोजन | न्यूनतम | न्यून | मध्यम | उच्च | उच्चतम |

## अनुसूची-४ :प्रस्तावित रणनीति रकार्यनीतिहरू(दफा ३.५सँग सम्बन्धित)

### (१) प्रकोप जोखिम सामीप्यतासँग सम्बन्धित रणनीति र कार्यनीतिहरू :

| उत्थानशीलतासँग सम्बन्धित अवयव | रणनीति | कार्यनीति | अपेक्षित उपलब्धी | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| स्थानीय तहको प्रकोप जोखिम सामिप्यता | १. स्थानीय तह र समुदायको बहु-प्रकोप जोखिम सामीप्यता पहिचानको आधारमा समग्र प्रकोप जोखिम सामीप्यता न्यूनीकरणको विधि र प्रकृया अवलम्बन गरिनेछ। | स्थानीय तहमा बहु-प्रकोप जोखिम न्यूनीकरणकालागि उत्तरदायी संरचनाको स्थापना | नगरपालिकामा बहु-प्रकोप जोखिम न्यूनिकरण र व्यवस्थापन कार्यकालागि संस्थागत संरचना स्थापित हुनेछ। | स्थानीय तह,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | स्थानीय तह भित्र स्थापित संस्थागत संरचना र पूर्वाधार र सेवा सुविधाको विकाससँग सम्बन्धित अन्य सरकारी निकाय र गैरसरकारी संस्थाहरू बीचसहकार्यका लागि कार्यगत प्रणालीको स्थापना | हालको जोखिम सापेक्ष व्यवस्थापन प्रणालीबाट बहु-प्रकोप जोखिम व्यवस्थापनमा अन्य सरकारी र गैरसरकारी निकाय र सङ्घ-संस्थासँग सहकार्य स्थापित हुनेछ। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति |
| | २. स्थानीय तहमाभौगोलिक सूचना प्रणाली मा आधारित बहु-प्रकोप जोखिम सूचना प्रणालीको स्थापना गरिनेछ। | बहु-प्रकोप जोखिम सूचना प्रणाली स्थापनाकालागि आवश्यक भौतिक, मानवीय र व्यवस्थापकीय स्रोत, साधन र कार्य प्रणालीको चरणबद्ध विकास | भौगोलिक सूचना प्रणालीमा आधारित तथ्याङ्क र जानकारी सङ्कलन, विश्लेषण र सम्प्रेषणको कार्यप्रणालीको स्थापना हुनेछ। | नेपाल सरकार र प्रादेशिक सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | समुदायमा हुने र हुन सक्ने सानादेखि ठूलाप्रकोप सँग सम्बन्धित तथ्याङ्क जोखिम आँकलन विधि र क्षमता विकास | बहु-प्रकोप जोखिम व्यवस्थापन प्रणालीलाई आवधिक बनाउन आवश्यक कार्यक्षमता विकासमा निरन्तरता रहनेछ। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह |
| | | भौगोलिक सूचना प्रणालीमा आधारित बहु-प्रकोप जोखिम सामीत्यताको विश्लेषणका आधारमा आवधिक योजनामा बहुप्रकोप जोखिम न्यूनीकरणको अवधारणा संयोजन | समुदायको समग्र विकासमा बहु-प्रकोप जोखिम न्यूनीकरण अवधारणाको संयोजन हुनेछ | स्थानीय तह |
| | ३. स्थानीय तह र समुदायमा बहु- | भौगोलिक सूचना प्रणालीमा आधारित बहु- | समुदायको बहु-प्रकोप जोखिम | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | प्रकोप जोखिम सामिप्यताको तथ्यपूरक विश्लेषणका आधारमा विपद् जोखिम आँकलनको पद्धति र पूर्वसूचना प्रणालीको विकास र प्रवर्धन गरिनेछ । | प्रकोप जोखिम सामीप्यताको विश्लेषणमा आधारित जानकारी सम्प्रेषणका माध्यमबाट समुदायलाई सुसूचित गरिरहने कार्य प्रणालीको विकास | सामीप्यता र त्यसमा निरन्तर परिवर्तनबारे सुसूचित गरिने प्रक्रियाको थालनी र निरन्तरता सुनिश्चित हुनेछ | |
| | | बहु-प्रकोप जोखिम सामीप्यताको विश्लेषणका आधारमा विपद् जोखिमका दृष्टिले संवेदनशील क्षेत्र, समुदाय र समूहको पहिचान | विपद जोखिमका दृष्टिले संवेदनशील क्षेत्र, समुदाय र समूहको पहिचान र नक्साङ्कन तयार हुनेछ । | स्थानीय तह |
| | | स्थानीय तहको बहु-प्रकोप जोखिम सामीप्यता र समुदायको सङ्कटासन्नताको आधारमा कार्ययोजना निर्माण र कार्यान्वयन | तथ्यगत विश्लेषणका आधारमा विपद् पूर्वतयारीको कार्ययोजना तयार गर्ने पद्धति र क्षमता विकास गरिनेछ | स्थानीय तह |
| | | बहु-प्रकोपमा आधारित विपद् जोखिम पूर्वसूचना प्रणालीको विकास, प्रवर्धन र सूचना सम्प्रेषण | स्थानीयस्तरमा उपयोगी विपद् पूर्वसूचना प्रणालीको विकास र सूचना सम्प्रेषणमा निरन्तरता सुनिश्चित हुनेछ | स्थानीय तह |

(२) **प्रणालीगत क्षमतासँग सम्बन्धित रणनीति र कार्यनीतिहरू :**

| सम्बन्धित विषयवस्तु | रणनीति | कार्यनीति | अपेक्षित उपलब्धी | जिम्मेवार निकाय/संस्थागत संरचना |
|---|---|---|---|---|
| ***(क) मानव निर्मित प्रणालीको क्षमता*** | १. जोखिम सापेक्षित भू-उपयोग प्रणालीको अवधारणाका आधारमा समुदायमा आवासलगायत पूर्वाधार संरचना विकासको क्षेत्र पहिचान र सोअनुरूप विकास आयोजनाको कार्यान्वयन हुनेछ | बहु-प्रकोप जोखिम सामीप्यताका आधारमा जोखिम सापेक्षित भू-उपयोग प्रणालीको नक्सांकन र सोअनुरूप सुरक्षित क्षेत्र पहिचान गरी पूर्वाधार संरचनाहरूको विकास | जोखिम सापेक्षित भू-उपभोग प्रणालीको कार्यान्वयनबाट स्थानीय पूर्वाधार संरचनाहरूको निर्माणको सुरक्षित क्षेत्र पहिचान हुनेछ | स्थानीय तह |
| | | विपद्का दौरान आपतकालीन उद्धार र राहत कार्यकालागि सुरक्षित खुलाक्षेत्रको | समुदायमा विपद. राहत र उद्धारकार्यमा प्रयोग गर्न | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | | पहिचान र उक्त स्थानमा भौतिक संरचना निर्माणमा पुर्वस्वीकृतिको अनिवार्यता | सकिने सुरक्षित खुला क्षेत्रको पहिचान र प्रयोग सम्भव हुनेछ । | |
| | २. समुदायमा आवास, औद्योगिक, व्यापारिक पूर्वाधार संरचनाहरूको विकास निर्माणमा बहु-प्रकोप जोखिम सहने क्षमताको आन्तरिकिकरण गरिनेछ | बहु-प्रकोप जोखिम न्यूनगर्न सैद्धान्तिक र अनुभवसिद्ध ज्ञानका आधारमा निर्माण संहिता र डिजाइन मापदण्डको परिमार्जन र कार्यान्वयन | जोखिम सापेक्षित सुरक्षाको साटो बहु-प्रकोप जोखिम सहन गर्ने क्षमताका लागि निर्माण संहिता, डिजाइन कोड र निर्देशिकाहरूको विकास र परिमार्जन हुनेछ । | शहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार र यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | आवास लगायत औद्योगिक, व्यापारिक, शैक्षिक पूर्वाधार र सेवा संरचनाको डिजाइन र निर्माणमा बहु-प्रकोप जोखिम सहने क्षमताको अनिवार्य आन्तरिकिकरण | स्थानीय तहको भौतिक पूर्वाधारसंरचनाहरूमा बहु-प्रकोप जोखिम सहन गर्ने क्षमता विकास हुनेछ | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | निर्माण भैसकेका भौतिक पूर्वाधारसंरचनामा बहु-प्रकोप जोखिम सहन गर्न सक्ने क्षमताको लागि स्तरिकरण र प्रबलीकरण | स्थानीय तहको हालका पूर्वाधार संरचनाहरूको स्तरीकरण र प्रबलीकरण हुनेछ | सम्बन्धित पूर्वाधार संरचनाको व्यवस्थापनकोलागि जिम्मेवार निकायसँगको सहकार्यमा स्थानीय तह |
| | ३. पूर्वाधार संरचनाहरूको डिजाइन र विकास निर्माण बहु-प्रकोप जोखिम सहने क्षमतामा आधारित हुनेछ | सैद्धान्तिक र अनुभवसिद्ध ज्ञानका आधारमा पूर्वाधार संरचनाहरूमा उत्थानशीलताका अवयवहरु जगेडा क्षमता, प्रतिरूपकता, लचकता र क्षति कम हुने सुरक्षित निर्माण मापदण्ड र निर्देशिकाहरूको तयारी | पूर्वाधार संरचनाहरुमा उत्थानशील क्षमताका लागि आवश्यकीय मापदण्डको विकास र परिमार्जन हुनेछ | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | पूर्वाधार र सेवा संरचनाहरूमा जगेडा क्षमता, प्रतिरूपकता, लचकता र क्षति कम | उत्थानशील क्षमताका लागि आवश्यकीय मापदण्डको | शहरी विकास मन्त्रालय, सङ्घीय |

| | | | | |
|---|---|---|---|---|
| | | हुने गरि संयोजन गर्ने कार्यविधिको कार्यान्वयन | कार्यान्वयन हुनेछ। | मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह |
| | ४. पूर्वाधार संरचनाहरूको निरन्तर विस्तार, मर्मत-सम्हार र स्तरीकरण गरिनेछ | समुदायको जनसङ्ख्या वृद्धिदर सापेक्षित पूर्वाधार संरचनाको क्षमता विस्तारकालागि नीति तथा कार्ययोजना निर्माण तथा तिनको कार्यान्वयन | जनसङ्ख्या वृद्धि सापेक्षित पूर्वाधारसंरचना विस्तारको आवश्यकता अनुरूप नीति र कार्ययोजनाको विकास हुनेछ | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | जनसङ्ख्या वृद्धिको प्रक्षेपणअनुरूप भौतिक पूर्वाधार संरचनाहरूको विकासकालागि १५ वर्षे गुरुयोजना तयारी र कार्यान्वयन | जनसङ्ख्या वृद्धिदर अनुरूप व्यवस्थित भौतिक पूर्वाधार र सेवा संरचनाहरूको आवश्यकता परिपूर्तिका लागि १५ वर्षे गुरु योजना तयार भइ कार्यान्वयन गरनेछ | स्थानीय तह |
| | | भौतिक पूर्वाधार संरचनाको नियमित मर्मत सम्हार र स्तरीकरण | पूर्वाधार संरचनाहरूको मर्मत सम्हार र स्तरिकरणको कार्ययोजना र व्यवस्थापकिय क्षमता विकास हुनेछ। | स्थानीय तह |
| *(ख) शहरी पारिस्थितिकीय प्रणालीको क्षमता :* | ख. समुदायको पारिस्थितिकीय प्रणालीको निरन्तरताकालागि न्यूनतम भू-उपयोग मापदण्डको व्यवस्था हुनेछ | पारिस्थितिकीय प्रणालीको संरक्षण, सम्बर्धन र निरन्तरताकालागि सैद्धान्तिक तथा व्यवहारसिद्ध ज्ञानका आधारमा भू-उपयोग सीमा तोक्ने गरी मापदण्डको व्यवस्था | पारिस्थितिकीय प्रणालीको निरन्तरता र दिगोपनाका लागि भूउपयोगको मापदण्ड निर्धारण हुनेछ। | शहरी विकास मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | शहरी विकास मन्त्रालयले सन् २०१३ मा स्वीकृत गरेको शहरी क्षेत्रहरूको योजना मानक र स्तर निर्देशिका बमोजिम न्यूनतम भू-उपयोग सिमा (Threshold Land Use)को समायोजन | पारिस्थितिकीय प्रणालीको निरन्तरता र दिगोपना शहरी विकास योजनामा समायोजन हुनेछ | शहरी विकास मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | २. पूर्वाधार संरचनाको योजना तर्जुमा, विकास र निर्माणमा पारिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरता सुनिश्चित गर्नुपर्ने नीतिगत बाध्यात्मक व्यवस्था र कार्यान्वयन | पूर्वाधार संरचनाहरूको विकास र विस्तारको योजना तर्जुमासँगै गरिने वातावरणीय प्रभाव मूल्यांकनको कार्यविधिमा पारिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरता सुनिश्चित गर्नका लागि परीक्षणको नीतिगत व्यवस्था र तद्अनुसारको संयोजन | पारिस्थितिकीय प्रणालीको दिगोपनाकालागि नीतिगत व्यवस्था हनेछ । | वातावरण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | समुदायमा पूर्वाधार संरचनाहरूको योजना, निर्माण र विस्तारमा परिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरता सुनिश्चितताका लागि कार्यविधिको निर्माण र कार्यान्वयन | स्थानीयतहमा पारिस्थितिकीय प्रणालीको सम्पूर्णता र निरन्तरता सुनिश्चित गर्ने कार्यविधिहरूको निर्माण र कार्यान्वयन हुनेछ । | स्थानीय तह |
| | ३. वातावरणीय आवश्यकता परिपूर्तिका लागि पारिस्थितिथिकीय प्रणालीबाट प्राप्तसेवाको  भू-उपभोग प्रणालीमा समायोजन हुनेछ | स्थानीय तहको विकास योजना र भू-आयोग प्रणालीमा क्षेत्रको जलाधार व्यवस्थापन र शहरी पारिस्थितिथिकीय प्रणाली व्यवस्थापनको समायोजनको लागि नितीगत व्यवस्था र सो को कार्यान्वयनका लागि निर्देशिका तयारी | शहरी विकास योजना र भू-उपयोग प्रणालीमा जलाधार व्यवस्थापन र पारिस्थितिकीय प्रणाली व्यवस्थापनको अवधारणा समायोजन गरिनेछ । | शहरी विकास मन्त्रालय/सङ्घीय मामिला तथासामान्य प्रशासन मन्त्रालय |
| | | समुदायको भू-उपयोग प्रणालीमा जलाधार व्यवस्थापन र पारिस्थितिकिय प्रणाली व्यवस्थापन समायोजनको कार्ययोजना निर्माण र कार्यान्वयन | स्थानीयतहमा जलाधार व्यवस्थापन र पारिस्थितिकीय प्रणाली व्यवस्थापनको अवधारणा सहितको भू-उपयोग प्रणालीको विकास र कार्यान्वयन गरिनेछ । | स्थानीय तह |
| | ४. पारिस्थितिकीय प्रणालीको संरक्षण र संवर्धनका लागि पारिस्थितिकीय प्रणाली सेवा | पारिस्थितिकीय प्रणाली सेवा शुल्कको अवधारणामा आधारित नीति कार्यान्वयनका लागि केही गाउ र नगरपालिकामा प्रायोगिक | पारिस्थितिकीय प्रणाली सेवा करमा आधारित योजनाहरूको परिक्षण र | शहरी विकास मन्त्रालय/सङ्घीय मामिला तथा |

| | | | | |
|---|---|---|---|---|
| | शुल्कको अवधारणामा आधारित आर्थिक स्रोत व्यवस्थापनको नीति र कार्ययोजनाको निर्माण र व्यवस्थापन गरिनेछ | योजनासञ्चालन र सो बाट प्राप्त पाठ र उपलब्धीबाट अन्य गाउ र नगरपालिकामा यस प्राकृतिका योजना विस्तारको सम्भावनाका लागि कार्ययोजना निर्माण | विस्तारका लागि आवश्यक ज्ञानको विकास र समुदायमा सोको सम्प्रेषण गरिनेछ | सामान्य प्रशासन मन्त्रालय |
| | | स्थानीय पारिस्थितिकीय प्रणालीको संरक्षण र संवर्धनका लागि पारिस्थितिकीय प्रणाली सेवा शुल्कमा आधारित कार्ययोजना र त्यसको कार्यान्वयन | स्थानीय पारिस्थितिकीय प्रणाली सेवामा आधारित संरक्षण र संम्वर्धन कार्यको थालनी र निरन्तरता हुनेछ | स्थानीय तह |

**(३) स्थानीय तहका सरोकारवालाहरूको क्षमतासँग सम्बन्धित रणनीति र कार्यनीतिहरू :**

| सम्बन्धित विषयवस्तु | रणनीति | कार्यनीति | अपेक्षित उपलब्धी | जिम्मेवार निकाय/संस्थागत संरचना |
|---|---|---|---|---|
| *(क) स्थानीय तह तथा स्थानीय समुदायको क्षमता :* | १. स्थानीयतहका समुदायको प्रकोप जोखिम र सङ्कटासन्नताको कारण, पहिचान र व्यवस्थापन क्षमता अभिवृद्धिका लागि ज्ञान, शिप र सूचनामा पहुँच विस्तार गरिनेछ | बढ्दो प्रकोप जोखिम र सङ्कटासन्नताको तथ्यगत विश्लेषणका आधारमा प्रकोप जोखिम र सङ्कटान्नता वृद्धिको कारण पहिचानका लागि व्यवहारिक ज्ञानको स्रोत सामग्रीको विकास | समष्टीतग विपद जोखिम र सङ्कटासन्नताको कारण पहिचानका लागि तथ्यगत विश्लेषणमा आधारित ज्ञानकोस्रोत सामग्री विकास हुनेछ। | शहरी विकास मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/विश्वविद्यालय/अनुसन्धानात्मक संस्था |
| | | समुदायमा बढ्दो प्रकोप जोखिम, सङ्कटासन्नता र सम्प्रेषणका लागि छापा र विद्युतीय सञ्चारमाध्यमको प्रयोग | समुदायको जानकारी र क्षमता अभिवृद्धिको प्रयासमा जानकारी सम्प्रेषणका लागि उपयुक्त सञ्चारमाध्यमको प्रयोग गरिनेछ। | स्थानीय तह र सङ्घ संस्थाहरू |
| | | प्रकोप जोखिम र सङ्कटासन्नताको कारण र | समुदायको जानकारी र क्षमता | स्थानीय तह र |

| | | | | |
|---|---|---|---|---|
| | | तिनको कारणसँग सम्बन्धीत व्यवहारिक ज्ञान सम्प्रेषण गर्न सभा, गोष्ठी, तालिमको आयोजना | अभिवृद्धि हुनेछ | सङ्घ संस्थाहरू |
| | | स्थानीय स्तरमा प्रकोप र सङ्कटासन्नतामा आधारित गीत, सङ्गीत, सडक नाटक जस्ता कार्यक्रमको माध्यमबाट व्यवहारोपयोगी ज्ञानको सम्प्रेषण | समुदायको जानकारी र क्षमता अभिवृद्धि हुनेछ | स्थानीय तह र सङ्घ संस्थाहरू |
| | | सामुदायिक स्तरका सामाजिक सञ्जाल (युवा क्लब, आमा समूह, गुठी, ज्येष्ठ नागरिक समाज) मा आबद्ध स्रोत व्यक्तिको पहिचान गरी तिनका माध्यमबाट उपयुक्त ज्ञान सम्प्रेषण | शहरी बासिन्दा, समुदायको जानकारी र क्षमता अभिवृद्धि हुनेछ । | स्थानीय तह र सङ्घ संस्थाहरू |
| | २. सङ्कटासन्न परिवार, वर्ग र समुदायको पहिचानमा आधारित योजना तर्जुमा र कार्यान्वयन पद्धति विकास गरिनेछ | सङ्कटासन्न व्यक्ति, परिवार, वर्ग र समुदाय ( गरिब, विपन्न, एकल महिला, सुकुमबासी, ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग) को पहिचानका लागि स्पष्ट आधारसहितको योजनामा आधारित सङ्कटासन्न व्यक्ति, परिवार, वर्ग र समुदायको स्थिति र बासस्थानको पहिचान र नक्साङ्कन | समुदायको सङ्कटासन्न व्यक्ति परिवार, वर्ग र समुदायको आवधिक तथ्याङ्कको सुनिश्चितता गरिनेछ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह |
| | | पहिचान भएको वर्ग र क्षेत्रमा सङ्कटासन्नता न्यूनीकरणका लागि आवश्यक भौतिक पूर्वाधार र सेवा संरचनाहरूको पहिचान र सोअनुरूप सेवा सुविधा निर्माण विस्तार र स्तरीकरणको कार्ययोजना तर्जुमा र कार्यान्वयन | सङ्कटासन्न क्षेत्रका व्यक्ति, परिवार, वर्ग र समुदायको भौतिक पूर्वाधार र सेवा सुविधामा पहुँच अभिवृद्धि हुनेछ | स्थानीय तह |
| | | पहिचान भएका वर्ग र क्षेत्रको आर्थिक, सामाजिक उन्नयन, वैकल्पिक आम्दानीका स्रोतहरूको विस्तार तथा जीविकोपार्जनमा विविधीकरणका लागि शिक्षामूलक तालिम, रोजगार अभिवृद्धिजस्ता कार्यक्रमको पहिचान, कार्ययोजना निर्माण र कार्यान्वयन | सङ्कटासन्न क्षेत्रका व्यक्ति, परिवार, वर्ग र समुदायको आर्थिक सामाजिक परिवर्तनका लागि पर्याप्त अवसरहरूको विकास हुनेछ | स्थानीय तह |
| | ३. प्रकोप जोखिम न्यूनीकरण र अनुकूलनका उपाय विस्तारका लागि उपयुक्त विधिको | तथ्यगत विश्लेषणका आधारमा स्थानीय तह र समुदायमा प्रकोप जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनको परम्परागत र स्थानीय | परम्परागत र स्थानीय ज्ञानमा आधारित अनुकूलनका स्रोत सामग्रीहरूको सङ्कलन र | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा |

| | | | | |
|---|---|---|---|---|
| | परिचालन गरिनेछ | ज्ञानमा आधारित अनुकूलनको उपाय र तिनको व्यवहारिकतासँग सम्बन्धित स्रोत सामग्रीहरूको सङ्कलन र सो मा आधारित प्रसार सामग्रीको निर्माण | सम्प्रेषण हुनेछ । | सामान्य प्रशासन मन्त्रालय, विश्वविद्यालयअनुसन्धानात्मक संस्था |
| | | परम्परागत र स्थानीय ज्ञानमा आधुनिक ज्ञानको संयोजनबाट विपद जोखिम न्यूनीकरण र विपद् अनुकूलनको व्यवहारिक ज्ञान र विस्तारका लागि विधि, प्रक्रिया र कार्यक्रमहरूको पहिचान | समुदायमा विवपद जोखिम न्यूनीकरण र विपद् अनुकूलनका लागि व्यवहारिक ज्ञान र कार्यक्रमको पहिचान हुनेछ । | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विश्वविद्यालय अनुसन्धानात्मक संस्था |
| | | स्थानीय तहमा प्रकोप जोखिम न्यूनीकरण र विपद् अनुकूलनका कार्यक्रमहरूको कार्यान्वयन | स्थानीय तहमा प्रकोप जोखिम न्यूनीकरण र विपद् अनुकूलनको क्षमता अभिवृद्धि हुनेछ | स्थानीय तह |
| *(ख) स्थानीय तहको क्षमता* | १. स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा उत्थानशीलताका आयामहरूको समायोजन | स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यहरूमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका उपायहरू अबलम्बन गर्नका लागि निर्देशिका तयारी | स्थानीय स्तरमा विकास योजनामा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणतथा उत्थानशीलताको संयोजनका लागि निर्देशिका तयार हुनेछ । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह |
| | | स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रममा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका उपायहरू समायोजनसहितको कार्ययोजना निर्माण र कार्यान्वयन | स्थानीय तहको आवधिक तथा वार्षिक विकास कार्यक्रमहरूमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अबलम्बन हुनेछ । | स्थानीय तह |
| | २. स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा | स्थानीय निकायमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणको क्षमता अभिवृद्धिका लागि नीति निर्माण | स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्था हुनेछ । | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन |

| | | | | |
|---|---|---|---|---|
| | क्षमता अभिवृद्धिका लागि नीति, योजना निर्माण र कार्यान्वयन गरिनेछ | | | मन्त्रालय |
| | | क्षमता अभिवृद्धिको नीतिगत व्यवस्थाअन्तर्गत क्षमता अभिवृद्धिको १५ वर्षे गुरुयोजना तथा कार्ययोजनाको कार्यान्वयन | स्थानीय निकायको क्षमता अभिवृद्धिको लागि गुरुयोजना र कार्ययोजना सम्भव हुनेछ । | शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | क्षमता अभिवृद्धिको गुरुयोजना र मापदण्डअनुसार स्थानीय तहको भौतिक, मानवीय तथा व्यवस्थापकीय स्रोत र साधनहरूको विकास वार्षिक योजनामा संयोजन र तद्नुरूपको बजेट विनियोजन | स्थानीय तहको क्षमता अभिवृद्धिको योजनाबद्ध कार्यान्वयन सम्भव हुनेछ | स्थानीय तह |
| | | समुदायको जनसङ्ख्या, जनघनत्व र भौतिक पूर्वाधार र सेवा संरचनाहरूको व्यवस्थापकीय जटिलता र प्रकोप जोखिम सामीप्यताका आधारमा न्यूनतम भौतिक, मानवीय, आर्थिक तथा व्यवस्थापकीय स्रोत र साधनहरूको मापदण्ड पहिचान र कार्यान्वयन | स्थानीय तहको क्षमता अभिवृद्धिको आवश्यकतामा स्पष्टता आउनेछ । | शहरी विकास मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | वातावरणीय व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा स्पष्ट जिम्मेवारीसहितको संगठन संरचना र स्रोत साधनको व्यवस्थापन | स्थानीय तहको सस्थागत क्षमता अभिवृद्धि हुनेछ | स्थानीय तह |
| | | वातावरणीय व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम | स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता र कार्यदक्षतामा वृद्धि हुनेछ | स्थानीय तह |
| *(ग) नागरिक समाजको क्षमता :* | १. विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको भूमिका बढाउनका लागि तिनको क्षमता | स्थानीय स्तरमा क्रियाशील सामाजिक सञ्जाल र संस्थाहरू (गुठी, पर्म, महिला समूह, आमा समूह, कृषि उत्पादक समूह, ज्येष्ठ नागरिक समूह, बन समुह, खानेपानी उपभोक्ता समुह, | स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको क्रियाशीलता र क्षमता पहिचान हुनेछ | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | विकास र प्रवर्धन गरिनेछ | भजन मण्डली, युवा क्लब) र विभिन्न अधिकारवादी समुह र तिनको कार्यक्षेत्र र आबद्ध परिवार, समुदाय र सामाजिक सुरक्षामा भूमिकाको पहिचान | | |
| | | जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका क्षेत्रमा स्थानीय स्तरमा जानकारी र सूचना सम्प्रेषणका लागि स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको परिचालन | जलवायु परिवर्तन र विपद् व्यवस्थापनका क्षेत्रमा जानकारी र सूचना सम्प्रेषणमा स्थानीय सामाजिक सञ्जाल र संस्थाको भूमिका विस्तार हुनेछ | स्थानीय तह |
| | | स्थानीय सामाजिक सञ्जाल र सङ्घ-संस्थाहरूको जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि | स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका क्षेत्रमा क्षमता विकास हुनेछ | स्थानीय तह |
| | २. स्थानीय तहमा सञ्चालित जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनमा सामाजिक सञ्जाल र संस्थाहरूको भूमिका विस्तार गरिनेछ | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनका लागि स्वतन्त्र निगरानीकर्ताका रूपमा स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको भूमिका विस्तार | स्थानीय तहमा सञ्चालन हुने जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनमा स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको भूमिका विस्तार हुनेछ | स्थानीय तह |
| | | स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूद्वारा पहिचान गरिएका कमी-कमजोरीहरूको आधारमा कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियामा परिमार्जन | स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूद्वारा पहिचान गरिएका कमी-कमजोरीहरूको आधारमा कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियामा परिमार्जन हुनेछ | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | | स्थानीय स्तरमा उपयोगी भौतिक, आर्थिक, सामाजिक विकासका कार्यक्रमहरूको पहिचान र तिनमा जलवायु परिवर्तन अनुकूलन, र विपद् जोखिम न्यूनिकरण उपायहरूको एकीकरणमा स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूसँग सहकार्य | स्थानीय स्तरमा भौतिक, आर्थिक, सामाजिक विकासमा स्थानीय सामाजिक सञ्जाल र संस्थाहरूको भूमिका विस्तार हुनेछ | स्थानीय तह |
| | ३. स्थानीय तहमा व्यवसायीकरणका साथै आय आर्जन र जीविकोपार्जनका साधनहरूको विस्तार र विविधिकरणमा सामुदायिक सङ्घ-संस्था र सामाजिक सञ्जालहरूको भूमिका विस्तार गरिनेछ | स्थानीय तहमा कार्यरत सहकारी, सामुदायिक र सामाजिक सङ्घ-संस्थाहरूको कृषि र घरेलु उद्योगमा संलग्नता र लगानी वृद्धिबाट स्थानीय उत्पादनको विविधिकरण, बजारीकरण, बजार व्यवस्थापनद्वारा आम्दानी, जीविकोपार्जनका स्रोत र साधनहरूको विस्तारमा क्षमता अभिवृद्धि | स्थानीय स्तरमा व्यवसायिकता विकास, सहकारी, सामुदायिक र सामाजिक सङ्घ-संस्थाहरूको भूमिका विस्तार हुनेछ | स्थानीय तह |
| | | स्थानीय तहमा कार्यरत सहकारी, सामुदायिक र सामाजिक सङ्घ संस्थाहरूको जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी विस्तार | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा सहकारी सामुदायिक र सामाजिक सङ्घ-संस्थाहरूको लगानी र सेवा विस्तार हुनेछ। | स्थानीय तह |
| *(घ) निजी क्षेत्रको क्षमता :* | १. विपद्को समयमा आपत्कालीन आपूर्ति व्यवस्था र विपद्पछिको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आवश्यक वस्तु तथा सेवाहरुको आपूर्ति व्यवस्थापनमा निजी क्षेत्रको क्षमता र भूमिका विस्तार गरिनेछ | स्थानीय तहमा स्थापित उद्योग, व्यवसाय र तिनका उत्पादन, खाद्यवस्तु, औषधि, निर्माण सामग्री, उपकरण तथा पुनर्स्थापना र निर्माणका लागि आवश्यक अन्य वस्तु तथा सामग्रीहरूको भण्डारण तथा आपूर्ति क्षमताको आवधिक तथ्याङ्क सङ्कलन | स्थानीय तहमा विपद् प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माणका लागि आवश्यक सामग्री र वस्तुहरूको आपूर्ति क्षमताको आवधिक तथ्याङ्क तयार हुनेछ | स्थानीय तहर स्थानीय उद्योग वाणिज्य सङ्घ |
| | | आपतकालीन स्थितिका लागि आवश्यक खाद्यवस्तु, औषधि, उपकरण तथा निर्माण सामग्रीहरूको उत्पादन र विविधीकरणका लागि निजी क्षेत्रको क्षमता विस्तार | स्थानीय स्तरमा आपतकालीन स्थितिका लागि आवश्यक सामग्रीहरूको उत्पादन क्षमता विस्तार हुनेछ | उद्योग मन्त्रालय, स्थानीय तहर उद्योग वाणिज्य सङ्घ |

| | | | | |
|---|---|---|---|---|
| | | विपद्को समयमा आवश्यक खाद्यवस्तु, औषधि तथा राहत र पुनर्स्थापनाका लागि आवश्यक अन्य उपकरण र सामग्रीहरूको पर्याप्त आपूर्ति र विपद्पछिको पुनर्निर्माणका लागि आवश्यक निर्माण सामग्रीहरूको भण्डारणमा निजी क्षेत्रको क्षमता विस्तार | स्थानीय तहमा राहत र पुनर्स्थापनाका साथै पुनर्निर्माणका लागि आवश्यक वस्तुहरूको भण्डारण क्षमता विस्तार हुनेछ । | आपूर्ति मन्त्रालय, नगरपालिका र उद्योग वाणिज्य सङ्घ |
| | २. स्थानीय स्तरमा कार्यरत वित्तीय संस्थाहरू (बचत तथा ऋण सहकारी संस्था, बैङ्क, विमा कम्पनी) बाट विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि सुलभ कर्जा र जीवन तथा निर्जिवन विमा सेवा विस्तारमा प्रोत्साहित गरिनेछ | स्थानीय तहमा वित्तीय संस्थाहरूबाट विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणमा सुलभ कर्जा परिचालनर सेवा विस्तारको लागि पैरवी | स्थानीय तहमा वित्तीय संस्थाहरूबाट पुनर्स्थापना र पुनर्निर्माणका लागि सुलभ कर्जा परिचालन र पहुँच विस्तार हनेछ | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क |
| | | स्थानीय तहमा विमा कम्पनीहरूबाट जीवन, निर्जीवन तथा औषधि उपचारका लागि सुपथ मूल्यका बिमा विकल्पहरूको विस्तार र परिचालनका लागि उपयुक्त वातावरण सृजना | स्थानीय तहमा जीवन, निर्जिवन र औषधी उपचारको विमा विकल्पमा विस्तार हुनेछ | विमा समिति नेपाल, उद्योग मन्त्रालय |
| | | स्थानीय तहमाविमा कम्पनीहरूबाट कृषिबाली, बस्तुभाउ, घरेलु उद्योग, व्यापार र उत्पादन र तत्सम्बन्धी दुर्घटनाहरूमा हुने क्षतिपूर्तिका लागि उत्पादन र दुर्घटना विमाको विस्तारमा प्रोत्साहन | स्थानीय तहमा उत्पादन र दुर्घटना क्षतिपूर्तिका लागि विमा व्यवस्थामा विस्तार हुनेछ | विमा समिति नेपालर उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय |
| | ३. औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूबाट सामाजिक सेवा परिचालनमा विस्तार गरिनेछ | औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूबाट प्रदान गरिने सामाजिक सेवा विस्तारका लागि नीतिगत व्यवस्था र तत्सम्बन्धी कार्ययोजना तयारी | औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूबाट स्थानीय तहमा सामाजिक सेवा परिचालनका लागि नीतिगत व्यवस्था तयार हुनेछ | अर्थ मन्त्रालय, उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | औद्योगिक र व्यापारिक प्रतिष्ठानबाट सामाजिक सेवा परिचालन र तत्सम्बन्धी लगानी बढाउन कर, दस्तुर एवं शुल्कको उपयुक्त व्यवस्थापन | औद्योगिक व्यापारिक प्रतिष्ठानबाट सामाजिक सेवा विस्तारका लागि उपयुक्त संस्थागत व्यवस्था भएको हुनेछ । | अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

## (४) स्थानीय तहकोसंस्थागत र नियमन क्षमता सम्बन्धित रणनीति र कार्यनीतिहरु :

| | रणनीति | कार्यनीति | अपेक्षित उपलब्धी | जिम्मेवार निकाय/संस्थागत संरचना |
|---|---|---|---|---|
| *(क) स्थानीय तहको संस्थागत क्षमता* | १. विपद्को समयमा सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट प्रदान गरिने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा सिमान्तकृत वर्गको पहुँच सुनिश्चिता गरिनेछ । | विपद्को समयमा प्रदान गरिने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा गरिब, विपन्न र सिमान्तकृत वर्गको पहुँच र प्राथमिकता सुनिश्चित गर्नका लागि नीतिगत व्यवस्था र तत्सम्बन्धी कार्यनीति, संयन्त्र प्रणाली तयार | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा गरिब, विपन्न र सिमान्तकृत वर्गको प्राथमिकता सुनिश्चित गर्न नीतिगत व्यवस्था स्थापित भएको हुनेछ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह |
| | | विपद्को समयमा स्थानीय तहको संयोजनमा प्रदान गरिने राहत, उद्धार र पुनर्स्थापनाका कार्यहरूमा गरिब, विपन्न र सिमान्तकृत वर्गको पहुँचको सुनिश्चितता | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा गरिब, विपन्न र सिमान्तकृत वर्गको पहुँचमा वृद्धि भएको हुनेछ | स्थानीय तह रसङ्घ संस्थाहरू |
| | २. विपद्का पछिल्ला अनुभव र पाठहरूका आधारमा विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनको स्थानीय रणनीति, कार्यनीति, विधि र प्रक्रिया परिमार्जनको पद्धति विकास गरिनेछ | विपद्का पछिल्ला घटना र तिनका विपद् व्यवस्थापनका प्रक्रिया र अनुभवहरू स्थानीय निकाय र संस्थाहरूमा सुरक्षित दस्तावेजका रूपमा राख्ने पद्धति विकास | विपद् व्यवस्थापनका प्रक्रिया र अनुभवहरूको संस्थागत दस्तावेजीकरण हुनेछ | स्थानीय तह |
| | | विपद् व्यवस्थापनका पछिल्ला अनुभव र तिनको विवेचनाबाट पहिचान गरिएका कमी-कमजोरीको आधारमा विपद् व्यवस्थापनको स्थानीय रणनीति, कार्यनीति, विधि, प्रक्रिया र कार्यान्वयनका लागि आवश्यक नियम विनियममा परिमार्जन | स्थानीय अनुभवका आधारमा स्थानीय तहको विपद् व्यवस्थापनका विधि र प्रक्रियाहरूमा परिमार्जन हुनेछ | स्थानीय तह र सामुदायिक संगठनहरु |
| | ३. विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणमा क्षतिको कारणहरूको स्पष्ट पहिचान गरि सो आधारमा **अझ राम्रो र बलियो** अवधारणाको | स्थानीय सङ्घ-संस्था, विषय विशेषज्ञ र स्रोत व्यक्तिहरूको सहभागितामा स्थलगत अध्ययन, र विश्लेषणका आधारमा विपद्को समयमा हुने/भएका क्षतिका कारणहरूको स्पष्ट पहिचान र मूल्याङ्कन | विपद् पूर्वका घटनाहरूमा क्षतिका कारणहरूको पहिचान हुनेछ | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सामुदायिक संगठनहरु |
| | | अध्ययन र विश्लेषणबाट पहिचान भएका क्षतिका | क्षतिको कारणहरूको आधारमा | शहरी विकास |

| | | | | |
|---|---|---|---|---|
| | अबलम्बन र निरन्तरता सुनिश्चित गरिनेछ | कारणहरूको जानकारीको आधारमा **अझ राम्रो र बलियो** अवधारणाको अबलम्बन र निरन्तरता | पहिलेको भन्दा सबल निर्माणका लागि स्थापित विधि प्रक्रियामा विस्तार हुनेछ | मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह,संघ संस्थाहरु |
| *(ख) नियमन क्षमता* | १. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिमार्जनमा स्थानीय तहको उत्तरदायित्व निर्धारण गरिनेछ | जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय तह विपद् पूर्वतयारी र प्रतिकार्यका लागि उत्तरदायी संस्था हुनुपर्ने नीतिगत व्यवस्था | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय सरकारको उत्तरदायित्व स्थापित हुनेछ | नेपाल सरकार, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, सङ्घीय मामिला र सामान्य प्रशासन मन्त्रालय |
| | | स्थानीय सरकारभित्र स्पष्ट कार्यक्षेत्र तोकिने गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि जिम्मेवार संस्थागत संरचनाको विकास | स्थानीयतहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत संरचनाको विकास हुनेछ | सङ्घीय मामिला र सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह |
| | | स्थानीय तहमा निर्माण हुने सबै प्रकारका भौतिक संरचनाहरू (आवास, संस्थागत भवन, उद्योग र व्यापारिक प्रतिष्ठान, सडक, खानेपानी, ढल निकास, विद्युत्, सञ्चार, सभागृह, रङ्गशाला, सिनेमा घर, नाच घर आदि) को निर्माणमा स्थानीय तहको पूर्वस्वीकृति र निर्माणपछि प्राविधिक परीक्षणका आधारमा निर्धारित स्तरको प्रकोप जोखिमका लागि सुरक्षित रहेको प्रमाणपत्र प्राप्त गर्नुपर्ने बाध्यात्मक व्यवस्था कार्यान्वयन | सुरक्षित संरचना निर्माणको अवधारणा कार्यान्वयन हुनेछ | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | | नियम मिची र रित नपुऱ्याई निर्माण गरिएका भौतिक संरचनाहरूको निर्माणकर्ता र धनीहरूलाई कारबाहीको दायरामा ल्याउन सकिने वा बनेका संरचनाहरू भत्काउन सकिने प्रावधान सहितको नियम कानुनहरूको प्रतिपादन र कार्यान्वयन | सुरक्षित संरचना निर्माणका लागि आवश्यक नियम कानुनहरूको निर्माण/परिमार्जन र कार्यान्वयन सुनिश्चित हुनेछ | स्थानीय तह |
| | | विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित निर्माण र तत्सम्बन्धी नियम, विनियम र कार्यान्वयन पद्धति र प्रक्रियाबारे नागरिकहरूलाई सुसूचित गरी कार्यान्वयनमा नागरिकहरूको सहभागिता अभिवृद्धिका लागि नागरिक सचेतना कार्यक्रम सञ्चालन | सुरक्षित निर्माणका लागि नागरिक सचेतनामा वृद्धि हुनेछ | स्थानीय तह |
| | २. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा स्थानीय तहको कार्यक्रम तर्जुमा, कार्यान्वयन र कार्यान्वयनमा पारदर्शिता सुनिश्चित गरिनेछ | स्थानीय तहद्वारा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा गरिने कार्य र जिम्मेवारीहरू नागरिक वडापत्रमा उल्लेख हुनुपर्ने व्यवस्था र कार्यान्वयन | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनमा स्थानीय निकायको भूमिकाबारे नागरिकहरू सुसूचित हुनेछन् | स्थानीय तह |
| | | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा स्थानीय निकायको नीति र कार्यक्रम तर्जुमामा सामुदायिक र स्थानीय सामाजिक सङ्घ-संस्थाहरूको सहभागिताको सुनिश्चितता | स्थानीय निकायको नीति र कार्यक्रम तर्जुमामा नागरिक सहभागिता अभिवृद्धि हुनेछ | स्थानीय तह |
| | | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा स्थानीय निकायको आवधिक तथा वार्षिक कार्यक्रमहरूमा आन्तरिक र बाह्य स्रोतबाट उपलब्ध लगानीसहित कार्यप्रगतिको स्पष्ट जानकारी स्थानीय तहको वार्षिक प्रतिवेदनमा उल्लेख हुनुपर्ने व्यवस्था कार्यान्वयन | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा स्थानीय तहको भूमिका र लगानीमा पारदर्शिताको सुनिश्चित हुनेछ | स्थानीय तह |